# दुल्लू नगरपालिका
# स्थानीय राजपत्र

| खण्ड : ६ | संख्या : १९ | २०७९ साल मंसिर २९ गते |
|---|---|---|


## भाग : २

दुल्लू नगरपालिका, नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## दुल्लू नगरपालिकाको स्थानीय पूर्वाधार विकास आयोजना संचालन कार्यविधि, २०७९

**प्रस्तावना :** दल्लू नगरपालिकामा संचालित भौतिक पूर्वाधार विकासका आयोजना हरुलाइ  व्यवस्थित तथा दीगो, जलवायु मैत्री वनाउनुका साथै भौतिक पूर्वाधार विकासका माध्यमबाट जोखिममा परेका महिला, दलित, जनजाति, पिछडिएका वर्ग तथा गरिव समुदायलाई स्थानीय स्तरमा श्रममा आधारित रोजगारी सृजना गरि सामाजिक संरक्षणको प्रर्वद्धन गर्न तथा उनीहरुको सीप तथा क्षमताको विकास गरि दीगो जिवनयापनमा सुधार गर्ने लक्ष्यका साथ यस स्थानीय पूर्वाधार विकास आयोजना संचालन कार्यविधि, २०७९ को तर्जुमा स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ उपदफा २ को खण्ड (छ) को उपखण्ड (१) तथा दुल्लू नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ बमोजिम दुल्लू नगरपालिकाले स्थानीय पूर्वाधार विकास आयोजना संचालन कार्यविधि, २०७९ तर्जुमा गरेको छ । यो कार्यविधि स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP), पायलट अन्तर्गत संचालन हुने पूर्वाधार विकास आयोजनाहरुमा आ.व २०७९।८० देखि लागू हुनेछ र यस पायलट परियोजनाका सिकाईहरु अवलम्वन गर्दै आगामी आर्थिक वर्षबाट नगरपालिकाका अन्य पूर्वाधार विकासका योजनाहरुमा क्रमश लागू गर्दै लगिनेछ । यस कार्यविधिवाट नगरपालिका स्तरमा कार्यान्वयन हुने स्थानीय पूर्वाधार विकासका आयोजनाहरु श्रममा आधारित रोजगारी सृजना गर्ने, उत्पादनमा वृद्धि गराई वातावरणीय संरक्षण गर्ने तथा जलवायु उत्थानशिल जिविकोपार्जन आयोजनाका रुपमा विकास हुने आशा गरिएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१.१ <u>**संक्षिप्त नाम र प्रारम्भ**</u>: (१) यस कार्यविधिको नाम **"स्थानीय पूर्वाधार विकास आयोजना संचालन कार्यविधि, २०७९"** रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाको बैठकबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मिति देखि प्रारम्भ हुनेछ ।

**१.२ परिभाषाः** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) "नगरपालिका" भन्नाले दुल्लू नगरपालिकालाई सम्झनु पर्छ ।

(ग) "कार्यविधि" भन्नाले स्थानीय पूर्वाधार विकास आयोजना संचालन कार्यविधि, २०७९ सम्झनु पर्छ ।

(घ) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

(ङ) "उपप्रमुख" भन्नाले नगरपालिकाको उपप्रमुख सम्झनु पर्छ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(छ) "कार्यपालिका" भन्नाले नगर कार्यपालिका सम्झनु पर्छ ।

(ज) "पदाधिकारी" भन्नाले कार्यपालिकाको प्रमुख, उपप्रमुख तथा कार्यपालिकाका अन्य सदस्य सम्झनु पर्छ ।

(झ) "वडा" भन्नाले नगरपालिकाको वडा सम्झनु पर्छ ।

(ञ) "वडा अध्यक्ष" भन्नाले वडाको अध्यक्ष सम्झनु पर्छ ।

(ट) "वडा समिति" भन्नाले वडामा स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम गठित वडा समिति सम्झनु पर्छ ।

(ठ) "आयोजना" भन्नाले नगरपालिका अन्तर्गत संचालन हुने सबै प्रकारका पूर्वाधार विकास आयोजनालाई सम्झनु पर्छ ।

(ड) "विषयगत शाखा" भन्नाले नगरपालिका स्थित पूर्वाधार विकास शाखा सम्झनु पर्छ ।

(ढ) "लक्षित वर्ग" भन्नाले स्थानीय रुपमा बसोबास गरि रहेका घर परिवार मध्ये सरकारी, गैर सरकारी, निजी व्यापार व्यवसायमा संलग्न नभएका बेरोजगार वा विपन्न घरधुरीहरुबाट श्रम गर्न सक्ने उमेरको कम्तिमा एक जना सदस्यलाई सम्झनु पर्छ । जसको छनौट परिच्छेद ५ को दफा ५.१ बमोजिम बमोजिम हुनेछ ।

(ण) "विकास साझेदार" भन्नाले आयोजना संचालनमा नगरपालिकासँग नगद, जिन्सी एवं प्राविधिक सहयोग उपलब्ध गराउने विकास साझेदार, दातृ निकाय, तथा नीजि क्षेत्र आदिलाई सम्झनु पर्छ ।

**१.३ लक्ष्य तथा उद्देश्यः**

**(१) लक्ष्यः** नगरपालिका स्थित विपन्न तथा बेरोजगार घरपरिवारहरुलाई स्थानीय पूर्वाधार विकास आयोजनाका माध्यमबाट सामाजिक सशक्तिकरण तथा सामाजिक संरक्षण प्रर्वद्धन गरि जीवनस्तरमा सुधार गर्नु कार्यविधिको लक्ष्य रहेको छ ।

**(२) उद्देश्यः**

(क) स्थानीय समुदायका रहेका श्रम गर्न सक्ने उमेरका ईच्छुक लक्षित घरधुरीलाई स्थानीय स्तरमा रोजगारको अवसर प्रदान गर्ने,

(ख) दिगो तथा जलवायु उत्थानशिल भौतिक पूर्वाधार विकास गरि समुदायको जीवनयापनमा प्रत्यक्ष सहयोग पुऱ्याउने,

(ग) दक्ष तथा सक्षम जनशक्ति तयार गरी स्वःरोजगारको वातावरण तयार गर्ने,

(घ) स्थानीय स्तरमा भौतिक पूर्वाधार विकासका आयोजना कार्यान्वयनमा दातृ निकाय, विकास साझेदार तथा कम्पनीहरुसँगको साझेदारी गरि एकिकृत विकास तथा दोहोरोपना न्यूनीकरण गर्ने ।

**१.४ आयोजना छनौटको सिमा निर्धारणः** यस कार्यविधिका निम्न सिमा निर्धारण गरिएको छ ।

(क) आयोजना श्रममा आधारित तथा रोजगारी सृजना गर्ने हुनु पर्नेछ ।

(ख) आयोजना कार्यान्वयन गर्दा उच्च जोखिम क्षेत्रका बासिन्दा तथा समुदायलाई सहयोग पुऱ्याउने हुनु पर्नेछ ।

(ग) उत्पादनमूलक तथा समुदायको जीविकोपार्जन सँग सम्बन्धित आयोजनालाई बढि प्राथमिकता दिनु पर्नेछ ।

(घ) आयोजना कार्यान्वयन गर्दा वातावरणिय तथा सामाजिक प्रभाव मूल्याङ्कन गरि अनुकूलनको योजना बनाई कार्यान्वयन गर्नु पर्नेछ ।

(ङ) बहुउद्देश्यीय, कम लागत तथा बढि लाभ तथा रोजगारी सृजना गर्ने आयोजनालाई प्राथमिकता दिनु पर्नेछ ।

**१.५ गैर सरकारी संस्थालाई प्रोत्साहित गर्नु पर्ने :** नगरपालिका क्षेत्र भित्र स्थानीय पूर्वाधार विकास सम्बन्धी कार्यक्रमको पहिचान, तर्जुमा, सञ्चालन, रेखदेख, मूल्याङ्कन तथा मर्मत सम्भार गर्ने कार्यका लागि गैर सरकारी/स्थानीय संघ संस्थालाई पनि प्रोत्साहित गरिने छ । गैर सरकारी/स्थानीय संघ संस्थाहरुले आफ्नै र नगरपालिकाबाट प्राप्त श्रोतबाट कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछन् । यसरी आयोजना सञ्चालन गर्ने गैर सरकारी/स्थानीय संघ संस्थाहरुले आयोजना तथा कार्यक्रमहरुको विस्तृत विवरण नगरपालिकामा पेश भई अनुमोदन भएको हुनु पर्नेछ ।

## परिच्छेद-२

## आयोजना छनौट तथा प्राथमिकीकरण

**२.१ बस्ती स्तरमा आयोजनाको माग तथा औचित्यः** समुदायमा रहेका अधिकांश महिला, दलित, अपाङ्गता भएका व्यक्ति, जनजाति र पिछडिएको समुदायका गरिव घरपरिवारलाई अल्पकालिन तथा दिर्घकालिन रोजगारी सृजना गर्नका लागि वस्ती स्तरमा श्रममा आधारित उत्पादनमूलक आयोजनाहरुको माग तथा छनौटका लागि वडा स्तरीय आयोजना छनौट समितिले ३ दिन अगावै व्यापकरुपमा सूचना सम्प्रेषण तथा अभिमूखिकरण स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को दफा ४.७ साथै वडा समितिले वडामा कार्यरत सामाजिक परिचालक/कर्मचारीहरु, वडा सदस्यहरुका साथै बस्ती स्तरमा गठन भएका महिला समुह, वन समुह, यूवा क्लब, बाल क्लब, सहकारी संस्थाहरुको व्यापक परिचालन गरि बस्तीस्तरबाट प्रभावकारी तथा सहभागितात्मक आयोजना तर्जुमा गरि आयोजनाको माग तथा उक्त आयोजना कार्यान्वयन गर्दा पर्न सक्ने सकारात्मक तथा नकारात्मक प्रभाव, आयोजनाको दिगोपनाको प्रक्रिया, आयोजनाबाट लाभान्वित हुने व्यक्ति तथा समुदाय र आयोजनाको औचित्य माथि गहन छलफल गरि

बस्ती स्तरीय आयोजनाको तर्जुमा गरि अनुमोदनका लागि बस्ती स्तरीय आयोजना तर्जुमा समितिले वडा कार्यालयमा पेश गर्नु पर्नेछ । बस्ती स्तरमा आयोजनाको तर्जुमा गर्दा निम्न प्रकारका आयोजना छनौटमा प्राथमिकता दिनु पर्नेछ ।

(क) आयोजना श्रममा आधारित तथा रोजगारी सृजना गर्ने हुनु पर्नेछ ।

(ख) समुदायमा आधारित उत्पादन वृद्धि गर्ने तथा रोजगारीमूलक स्थानीय पूर्वाधार विकासका आयोजना जस्तैः सडक, एक वडा वा नगर वा वस्ती देखि अर्को वडा वा नगर वा वस्ती जोडने सडक, पर्यटकिय पदमार्ग, कल्भर्ट, पुलपुलेसा, सिंचाई, पोखरी, बहुउद्देश्यीय पानी प्रणाली, भण्डारण घर, शित घर, सामुदायिक सेवा केन्द्र, नर्सरी विकास, आदि ।

(ग) संकटासन्न समुदायको समुत्थान तथा रोजगारीका लागि बाढी पहिरो नियन्त्रण, भू-क्षय नियन्त्रण, पहिरो रोकथाम, गह्रा सुधार, जलाधार व्यवस्थापन, वातावरण संरक्षण तथा जैविक विविधता सँग सम्बन्धित आयोजनाहरु आदि ।

(घ) संकटासन्न समुदायका लागि श्रममा आधारित उत्पादन वृद्धि गर्ने आयोजनाहरु तरकारी खेती, जडिबुटी उत्पादन, फलफूल उत्पादन तथा प्रशोधन, स्थानीय उत्पादनको संकलन र बिक्री वितरण तथा साना तथा घरेलु उद्यम आदि ।

**२.२ वडा स्तरमा आयोजनाको तर्जुमा, छनौट, प्राथमिकीकरण तथा सिफारिसः** स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को दफा ४.७ मा व्यवस्था भए बमोजिम वडा समितिले स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट प्राप्त बजेट सिमा तथा मार्गदर्शनको आधारमा वडाले बस्ती तथा टोलबाट प्राप्त भएका आयोजनाहरुलाई प्राप्त बजेटको सिमाको अधिनमा रहि आयोजनाहरुको छनौट, तर्जुमा र प्राथमिकीकरण गरि पेश गर्नुपर्नेछ । (अनुसूचि ४ मा होडिङ वोर्डको नमुना छ) यसरी पेश भएका आयोजनाहरुलाई उक्त समितिले प्राप्त बजेट तथा मार्गदर्शनका आधारमा प्राथमिकिरण गर्नेछ । यसका अलवा, वस्ती तथा वडाको हितका महत्वपूर्ण आयोजनाहरु छुट भएको खण्डमा उक्त समितिले बजेटको सिमा, मार्गदर्शन र औचित्यका आधारमा थप गर्न सक्नेछ । साथै बस्ती तथा वडाका महत्वपूर्ण आयोजनाहरु वडामा प्राप्त बजेट सिलिङबाट गर्न नसकिने भएको खण्डमा नगरपालिका, प्रदेश तथा संघका साथै दातृ निकायमा कार्यान्वयनका लागि सिफारिस गरि आयोजनाको तर्जुमा तथा प्राथमिकीकरण गरिनेछ ।

**२.३ नगरपालिका स्तरमा बजेट तथा आयोजनाको तर्जुमाः** नगरपालिकाको वार्षिक बजेट तथा कार्यक्रमको तय र प्राथमिकीकरण श्रोत अनुमान तथा बजेट निर्धारण समितिले निर्धारण गरेको आयको प्रक्षेपण, वितरणको खाका र बजेटको सिमा भित्र रहि गर्नेछ । यसरी प्राथमिकीकरण गरेका आयोजनाहरु श्रम तथा रोजगारी सृजना गर्ने हुनेछन् । आयोजना छनौट गर्दा निम्न प्रकारका हुनेछन् :

क. आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने ।

ख. उत्पादन मूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने ।

ग. स्थानीय समुदायको जीवनस्तर सुधार गर्ने, आम्दानी वृद्धि हुने तथा रोजगारी सृजना हुने ।

घ. समुदायको अधिकतम सहभागिता, कम लागत लाग्ने तथा बढि लाभ दिने ।

ङ. आयोजना संचानल गर्दा अधिकतम स्थानीय श्रोत साधानको प्रयोग गर्न सकिने ।

च. संकटासन्न समुदायका महिला, बालवालिका, दलित, जनजाति, पिछडिएको समुदायका व्यक्तिहरुलाई प्रत्यक्ष लाभ दिने तथा लैंगिक समानता तथा सामाजिक समावेशिकरण अभिवृद्धि हुने ।

छ. दिगो तथा वातावरण संरक्षण र संकटासन्न समुदायको समुत्थान गर्न सघाउ पुऱ्याउने ।

ज. स्थानीय स्तरमा आवश्यकता महशुस भएको श्रम केन्द्रित अन्य आयोजनाहरु ।

## परिच्छेद-३
## आयोजनाको कार्यान्वयन

**३.१ आयोजनाको संभाव्यता अध्ययनः** नगरपालिकाले आर्थिक वर्षका लागि स्वीकृत कार्यक्रम वा आयोजनाहरुको प्रभावकारी कार्यान्वयन गर्न, अधिकतम लक्षित वर्गको सहभागिता गराउनका साथै सामाजिक, आर्थिक तथा वातावरणिय पक्षलाई सन्तुलन राखि दिगो विकासका लागि बस्ती तथा वडाबाट माग भई आएका स्थानीय पूर्वाधार विकासका आयोजनाहरुको संभाव्यता अध्ययन, गर्दा देहायका पक्षलाई ध्यान दिनुपर्नेछ ।

- आयोजना श्रममा आधारित तथा स्थानीय लक्षित समुदायको रोजगारी र जीविकोपार्जनमा टेवा पुऱ्याउने छ वा छैन ?
- आयोजना प्राविधिक तथा आर्थिक दृष्टिकोणमा उपयुक्त छ वा छैन ? यदि आयोजनाका लागि विनियोजित रकम प्रयाप्त छैन भने अन्य वैकल्पिक श्रोतहरु केहि छन् कि ?
- आयोजना संचालन गर्दा सामाजिक तथा आर्थिक पक्षमा पार्न सक्ने सकारात्मक तथा नकारात्मक प्रभाव के के छन् ? यदि नकारात्मक प्रभावहरु भएमा सो को सन्तुलन कायम राख्नका लागि अपनाईने उपायहरु के हुन सक्छन् ?
- आयोजना संचालन गर्दा पार्न सक्ने वातावरणिय तथा जैविक प्रभावहरु के हुन सक्छन् ? यदि नकारात्मक प्रभावहरु भए सो को अनुकूलन तथा न्यूनीकरणका उपायहरु के के हुन सक्छन् ?
- आयोजना संचालनका लागि आवश्यक पर्ने स्थानीय निर्माण सामाग्री तथा स्रोत साधनहरुको उपलब्धताको अवस्था के कस्तो छ ?
- आयोजनाको लागि चाहिने बाह्य निर्माण सामाग्रीहरुको खरिद तथा ढुवानीको प्रवन्ध गर्न सकिन्छ वा सकिदैन ?
- आयोजना कार्यान्वयन गर्दा संकटासन्न समुदायका व्यक्ति, लिङ्ग तथा जातजातिहरु लाभान्वित हुन्छन कि हुदैनन् ? यदि हुदैनन भने उनीहरुको सहभागित कसरी गर्न सकिन्छ ?
- आयोजना कार्यान्वयन पश्चात जनस्तरमा जीविकोपार्जनमा अधिकतम सहयोग पुग्छ कि पुग्दैन ?
- आयोजनाको दिगोपनका लागि स्थानीय स्तरमा कस्तो प्रतिवद्धता छ ? आदि

माथि उल्लेखित विषय तथा बुंदाहरु माथि व्यापक विश्लेषण समुदायमा रहेका लक्षित वर्गसँग गरि उपयुक्त ठहर भएमा आयोजना कार्यान्वयनका प्रक्रियाका लागि सिफारिस नगरपालिका स्थित योजना शाखाबाट गरिनु पर्नेछ । साथै संभाव्यता अध्ययन गर्दा आयोजना स्थलको प्रत्यक्ष अवलोकन गरि वस्तु स्थितिको यथार्थ चित्रण समेत प्राविधिक कर्मचारीबाट गरि संभाव्यता अध्ययनको प्रतिवेदन नगरपालिकामा पेश गरि थप प्रक्रिया अगाडी वढाउनका लागि सिफारिस गर्नु पर्नेछ ।

**३.२ आयोजनाको विस्तृत प्रतिवेदन तयारः** आयोजनाको स्थानीय स्तरको संभाव्यता अध्ययनको प्रतिवेदन उपयुक्त ठहर भएमा, उक्त आयोजनाको विस्तृत प्रतिवेदन तयार गरिनेछ । आयोजनाको विस्तृत प्रतिवेदन तयार गर्दा आयोजना स्थलको भौगोलिक अवस्थिति, स्थानीय समुदाय तथा क्षेत्रको आर्थिक-सामाजिक अवस्थाका साथै वातावरणिय तथा जैविक अवस्थाको पहिचान तथा विस्तृतमा विश्लेषण गरेको हुनु पर्नेछ । यसरी विश्लेषण गर्दा आयोजनाको प्राविधिक पक्ष तथा त्यसको दिगोपनका बारेमा समेत विश्लेषण तथा प्रभाव मूल्याङ्कन भएको हुनु पर्नेछ । आयोजनाबाट स्थानीय समुदायको जीविकोपार्जनमा पार्न सक्ने सकारात्मक परिर्वतन तथा प्रभाव के के हुन सक्छन ? सो को बारेमा समेत उल्लेख गरि प्रतिवेदन तयार गरि थप प्रक्रिया अगाडी बढाउनु पर्नेछ । आयोजनाको विस्तृत प्रतिवेदन तयार गर्दा देहायका मापदण्ड भएका आयोजनाहरु मात्र तयार गर्नु पर्नेछ । अन्य साना तथा मझौला आयोजनाका लागि आयोजनाको विस्तृत प्रतिवेदन तयार गरिने छैन ।

- आयोजनाको कूल लागत **रु. १ करोड** भन्दा बढि लाग्ने आयोजना,
- आयोजना कार्यान्वयनबाट सामाजिक आर्थिक अवस्थामा नकारात्मक प्रभाव पर्न सक्ने,
- आयोजना कार्यान्वयनका कममा वातावरणिय तथा जैविक क्षेत्रमा पर्न सक्ने नकारात्मक असर,
- स्थानीय समुदायको जीविकोपार्जनमा नकारात्मक प्रभाव पार्न सक्ने,
- ठेक्का पट्टाद्वारा संचालन गरिने आयोजनाहरु,
- प्राकृतिक श्रोत (खानी, वन, तेल, पानी, आदि) क्षेत्रमा असर पर्ने आयोजना आदि

**३.३ आयोजनाको वातावरणिय तथा सामाजिक प्रभाव मूल्याङ्कन तथा प्रतिवेदन तयारः** आयोजनाको कार्यान्वयन गर्दा उक्त क्षेत्रको वातावरणिय तथा सामाजिक पक्षमा पर्ने प्रभावको गहन रुपमा विश्लेषण तथा मूल्याङ्कन गर्नु पर्नेछ । यसरी विश्लेषण तथा मूल्याङ्कन गर्दा, त्यस क्षेत्रको कुन पक्षमा नकारात्मक प्रभाव पर्दछ सो को पहिचान गरि न्यूनीकरण तथा अनुकूलनका उपाय तथा विधिहरुको व्यवस्थित प्रयोगको योजना तयार गर्नु पर्नेछ । न्यूनिकरण तथा अनुकूलनका योजना कार्यान्वयन गर्दा लाग्न सक्ने बजेटको व्यवस्था लागत ईस्टिमेटमा खुलाउनु पर्नेछ साथै योजनाको विस्तृत रेखांकन तथा क्रियाकलापहरु प्रष्ट हुनु पर्नेछ । वातावरणिय तथा सामाजिक प्रभावको विश्लेषण तथा मूल्याङ्कन गर्दा स्थानीय लक्षित वर्ग तथा समुदायका साथै स्थानीयको सहभागिता र उनीहरुसँग व्यापक छलफल तथा अन्तरक्रिया गरि उनीहरुको सहमति तथा मन्जुरीनामा लिनु पर्नेछ । समुदायको मन्जुरी प्राप्त भए पश्चात विस्तृत वातावरणिय तथा सामाजिक प्रभाव विश्लेषण तथा मूल्याङ्कन प्रतिवेदन नगरपालिकामा पेश गरिनेछ । उक्त प्रतिवेदन नगरपालिकाबाट स्वीकृत भए पश्चात मात्र आयोजनाको कार्यान्वयनका बाँकी प्रक्रियाहरु अगाडी बढाईने छ ।

**३.४ आयोजनाको सर्भे, ढाँचा, चित्र तथा लागत तयारः** आयोजनाको सर्भे, ढाँचा, चित्र तथा लागत अनुमान तयार गर्न नगरपालिकाले प्राविधिक कर्मचारीहरुको परिचालन गर्नेछ । यसका अलवा आयोजनाको सर्भे, ढाँचा, चित्र तथा लागत अनुमान तयारका लागि थप प्राविधिक सहयोग चाहिने भएको खण्डमा प्रचलित कानुनको अधिनमा रहि बाह्य विशेषज्ञ वा विज्ञको परिचालन गरि गर्नेछ ।

(१) **आयोजनाको सर्भेः** सामान्यतया आयोजनाको सर्भेमा स्थानीय उपकरणहरु तथा कम खर्चिलो उपकरणहरु जस्तै एब्नी लेवल, टेप आदि को प्रयोग गरि गरिनेछ । तर आयोजनाको किसिम, तथा प्रकृति अनुसार प्राविधिक आवश्यकता भएको खण्डमा हेभि तथा आधुनिक उपकरण जस्तै टोटल स्टेशन, अटो लेभल आदि को प्रयोग गरिनेछ । यसरी गरिने सर्भे कार्यमा स्थानीय समुदाय तथा जनप्रतिनिधिहरुको सक्रिय सहभागिता रहनु पर्नेछ ।

(२) **आयोजनाको ढाँचा, चित्र तथा लागत अनुमान तयारः** नगरपालिका स्थित प्राविधिक कर्मचारी तथा नगरपालिकाले प्राविधिक सहयोग लिएका अन्य विशेषज्ञ वा विज्ञबाट आयोजनाको सर्भे पश्चात लागत अनुमान, ढाँचा तथा चित्र तयार गरिनेछ । आयोजनाको ढाँचा, चित्र र लागत अनुमान तयार गर्दा सामान्यता ग्राफ पेपर, क्यालकुलेटर, रुलर, एक्सल सिटको प्रयोग गरिनेछ । तर आयोजनाको प्रकृति तथा किसिम हेरी प्रभावकारीताको लागि अन्य विभिन्न सफ्टवयर तथा प्रविधिहरु जस्तै SW Road, SW Irrigation, CBWSS आदिको प्रयोग प्राविधिक कर्मचारीले गर्न सक्नेछन् । आयोजनाको ढाँचा, चित्र र लागत अनुमान तयार गर्दा जिल्ला दररेट र प्रचलित कानूनको अधिनमा रहि गर्नु पर्नेछ ।

**३.५ आयोजनाको स्वीकृति तथा सम्झौताः** आयोजनाको ढाँचा, चित्र तथा लागत अनुमान तयार पश्चात नगरपालिकामा स्वीकृतिका लागि पेश गर्नु पर्नेछ । नगरपालिकाबाट आयोजनाको ढाँचा, चित्र तथा लागत अनुमान स्वीकृत भए पश्चात आयोजनाको संचालनका लागि उपभोक्ता समिति र नगरपालिका बिचमा सम्झौता हुनेछ । नगरपालिका र उपभोक्ता समिति विचमा हुने सम्झौताको ढाँचा अनुसूचि ३ बमोजिम हुनेछ ।

**३.६ आयोजनाका लागि चाहिने प्राविधिक तथा सामाजिक कर्मचारीहरुको व्यवस्थापन तथा काम कर्तव्य र अधिकारः**

(१) नगरपालिकाबाट संचालन हुने स्थानीय पूर्वाधार विकासका आयोजनाहरुको प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका लागि कर्मचारीको व्यवस्थापन संघिय, प्रदेश सरकार तथा नगरपालिकाबाट गरिनेछ । स्थानीय पूर्वाधार विकास आयोजना कार्यान्वयनका लागि देहायका कर्मचारीहरुको व्यवस्थापन गरि परिचालन गरिनेछ ।

- ईन्जिनियर
- सव-ईन्जिनियर
- साईट ईन्चार्ज
- सुपरभाईजर
- अन्य सहयोगी कर्मचारी

(२) उपदफा (१) बमोजिम व्यवस्था गरिएका कर्मचारीहरुको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः-

क. बस्ती तथा वडा स्तरबाट श्रममा आधारित स्थानीय पूर्वाधार विकासका आयोजनाको आवश्यकता, औचित्य तथा माग गर्नका लागि लक्षित वर्ग तथा समुदायलाई सचेतिकरण गर्ने,

ख. स्थानीय पूर्वाधार विकासका आयोजना प्राथमिकीकरणका लागि वडा समिति तथा नगरपालिका स्थित बजेट तथा कार्यक्रम तर्जुमा समितिलाई सहजीकरण गर्ने,

ग. आयोजनाको सम्भाव्यता अध्ययन तथा विस्तृत आयोजना प्रतिवेदन तयार पार्ने,

घ. आयोजनाको सर्भे, रेखांकन तथा लागत अनुमान तयार पार्ने,

ङ. आयोजनाका लागि लाभग्राहीको छनौट तथा प्राथमिकिरण गर्ने,

च. उपभोक्ता समितिको गठन तथा परिचालन गर्ने,

छ. लाभग्राही तथा उपभोक्ता समितिलाई आयोजना तथा समितिको काम, कर्तव्य र अधिकारका बारेमा अभिमूखिकरण गर्ने,

ज. आयोजनाको कार्यान्वयन गर्नका लागि उपभोक्ता समिति तथा नगरपालिका विचमा सम्झौता गर्न सहयोग गर्ने,

झ. आयोजना कार्यान्वियनका लागि समूह विभाजन, समूहगत निर्माण खण्डको व्यवस्थित वितरण गर्ने,

ञ. आयोजनाका लागि चाहिने बाह्य निर्माण सामाग्री तथा स्थानीय निर्माण सामाग्रीको खरिद तथा व्यवस्थापनका लागि उपभोक्ता समिति तथा लाभग्राहीलाई सहजीकरण गर्ने,

ट. आयोजनालाई व्यवस्थित गर्न तथा निर्माण कार्य प्रभावकारी गराउन लाभग्राही तथा उपभोक्ता समितिको व्यवस्थित परिचालन गर्ने,

ठ. आयोजनाको नियमित सुपरिवेक्षण, अनुगमन तथा रेखदेख गर्ने,

ड. आयोजनामा संलग्न कामदारको हाजिरी व्यवस्थापन गर्ने,

ढ. आयोजना स्थलमा सूचना पाटीको व्यवस्थापन गर्ने,

ण. आयोजनाको नापजाँच तथा बिल तयार गर्ने,

त. लाभग्राही तथा उपभोक्ता समितिको बैंक खाता संचालनका लागि सहजीकरण गर्ने,

थ. नगरपालिकाबाट ज्याला रकम व्यक्तिगत खातामा र अन्य निर्माण तथा व्यवस्थापन रकम उपभोक्ता समितिको खातामा भुक्तानी गर्न सहजीकरण गर्ने,

द. आयोजना निर्माण अवधिको बिच-बिचमा कार्यको समीक्षा तथा छलफल गर्ने,

ध. आयोजना स्थलमा अस्थायी शौचालय, खानेपानी, प्राथमिक उपचार आदिको व्यवस्थापन गराउने,

न. आयोजनामा संलग्न लाभग्राहीको विमा तथा सेफ्टी उपकरण र सामाग्रीहरुको व्यवस्थापन गर्ने,

प. आयोजनाको लेखा परिक्षण, सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई आदि संचालनमा सहजीकरण गर्ने,

फ. आयोजनाको मर्मत संभार समितिको गठन तथा आयोजना हस्तान्तरण गर्न सहजीकरण गर्ने ।

## परिच्छेद-४
## आयोजनाका लागि बजेट व्यवस्थापन

**४.१ आयोजनाको कार्यान्वयनको बजेट व्यवस्थापनः** (१) नगरपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ र ६७ को व्यवस्था वमोजिम स्थानीय पूर्वाधार विकास आयोजनाका लागि बजेट व्यवस्थापन गर्नेछ । यसरी प्राप्त बजेटलाई दफा ४.२ मा व्यवस्था भए बमोजिम स्थानीय पूर्वाधार विकास आयोजना कार्यान्वयन कोष मार्फत प्रयोग तथा परिचालन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम गठन भएको स्थानीय पूर्वाधार विकास कोषलाई नगर सभाबाट स्वीकृत वा अनुमोदन भएका बस्ती तथा वडा स्तरका श्रम केन्द्रित आयोजनाहरुको प्रकृति र आकार हेरि बजेटको वाडँफाट तथा कार्यान्वयन गर्नेछ ।

(३) उपदफा (२) बमोजिम बजेट बाँडफाँड गर्दा नगरपालिका पूर्वाधार शाखाले आयोजनाको लाभान्वित वर्ग, क्षेत्र, श्रममा आधारित रोजगारी, आयोजना कार्यान्वयन गर्दाको प्रभावकारीता तथा लाभान्वित संख्या तथा आयोजनाको दिगोपना आदिलाई मध्यनजर गरि गर्नु पर्नेछ ।

**४.२ स्थानीय पूर्वाधार विकास आयोजना कार्यान्वयन कोषको व्यवस्थापन तथा परिचालनः** (१) स्थानीय पूर्वाधार विकास आयोजनालाई नगरपालिका स्तरमा प्रभावकारी कार्यान्वयन गर्न तथा श्रममा आधारित रोजगारी सृजना गरि जीविकोपार्जनमा सहयोग पुर्‍याउने उद्देश्यले स्थानीय पूर्वाधार विकास कोषको निर्माण तथा परिचालन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम निर्माण भएको स्थानीय पूर्वाधार विकास कोषको व्यवस्थापन तथा परिचालनको अधिकार नगरपालिका पूर्वाधार शाखाको हुनेछ । स्थानीय पूर्वाधार विकास आयोजना कार्यान्वयन कोषको व्यवस्थापन तथा परिचालन को अधिकार देहाय बमोजिमको समितिले गर्नेछ :

| | | |
|---|---|---|
| संयोजक | : | नगर प्रमुख |
| सदस्य | : | प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य सचिव | : | प्रमुख, पूर्वाधार विकास शाखा |

**४.३ साझेदार संघ संस्थाको अनुदानः (१)** स्थानीय पूर्वाधार विकास आयोजना कार्यान्वयन गर्नका लागि कुनै साझेदार संस्था, निकाय वा व्यक्तिले निशर्त रुपमा अनुदान सहयोग गरेमा नगरपालिकाले उक्त अनुदान रकमलाई प्रचलित  कानून बमोजिम आम्दानी बाँधी स्थानीय संचित कोषमा जम्मा गरि परिचालन गर्नेछ ।

(२) तर, श्रममा आधारित वस्ती, वडा र नगरपालिका स्तरीय स्थानीय पूर्वाधार विकास आयोजना कार्यान्वयमा कुनै साझेदार संघ संस्था तथा व्यक्तिबाट सिधै नगद वा जिन्सी वा दुवै सहयोग गर्न ईच्छिुक भएको खण्डमा नगरपालिकाले आयोजना कार्यान्वयनका गर्न तयार पारेको लागत ईस्टिमेट अनुसारको दायित्व तोकी सोहि बमोजिम कार्यान्वयन गर्नु पर्नेछ ।

(३) उपदफा २ बमोजिम कार्यान्वयन गरिएको स्थानीय विकास आयोजनाको रेखदेख तथा कार्यान्वयन गर्ने गराउने दायित्व साझेदार संस्था तथा नगरपालिकाको रहनेछ ।

(४) **अन्य चन्दा, दान तथा सम्पत्तिको विवरणः** नगरपालिकालाई स्थानीय पूर्वाधार विकास आयोजना कार्यान्वयनका लागि कुनै संघ, संस्था तथा व्यक्तिबाट चन्दा, दान तथा सम्पत्ति दिएको खण्डमा उक्त नगद तथा जिन्सी प्रचलित कानून बमोजिम आम्दानी बाँधी स्थानीय पूर्वाधार विकास आयोजना कार्यान्वयन कोषमा जम्मा गरि परिचालन गरिनेछ ।

## परिच्छेद-५
## आयोजनाको लाभग्राही पहिचान, छनौट तथा प्राथमिकीकरण

**५.१ लक्षित वर्ग तथा समुदायको पहिचान छनौट प्रक्रियाः** (१) नगरपालिकाले घरपरिवारको सम्पन्नता स्तरीकरण गर्नेछ । यसरी गरेको सम्पन्नता स्तरीकरणलाई  हरेक वर्ष अध्यावधिक गरि सो को अभिलेख व्यवस्थित राख्नेछ । नगरपालिकाले घरपरिवारको सम्पन्नता स्तरीकरण अनूसुची १ मा उल्लेख भए बमोजिमको फारमको प्रयोग गरी गर्नेछ । लाभग्राहि छनौट नगर्दा सम्मको लागि प्रधानमन्त्रि रोजगार

कार्यक्रम अर्न्तगत सुचिकृत भएका वेरोजगारहरु, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सिंहदरवार काठमाडौंले प्रकाशन गरेको गरिव घरपरिवार सूचिकृत प्रतिवेदन तथा वडावाट गरिव तथा विपन्न भनि सिफारिस गरेका नामावलिलाइ आयोजनामा कामगर्नका लागि लाभग्राहिका रुपमा प्रयोग गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम सम्पन्नता स्तरीकरण भएका घरधुरी मध्ये १८ देखि ५९ वर्ष सम्मका श्रम गर्न सक्ने उमेरका ईच्छुक घरधुरीहरु मात्र यस कार्यक्रमका लागि लक्षित घरधुरी लाभग्राही मानिनेछ ।

(३) उपदफा (२) बमोजिम कार्यक्रमका लागि योग्य घरधुरीको छनौट तथा प्राथमिकिरणका आधार देहाय बमोजिम हुनेछन्:

क. कार्यक्रममा सहभागिताका लागि ईच्छुक भई वडा कार्यालय वा नगरपालिकामा आवेदन दिएको,

ख. घरपरिवारको सदस्य श्रम गर्न सक्ने उमेर १८ देखि ५९ वर्ष सम्म भएको,

ग. सम्बन्धित क्षेत्रको बासिन्दा तथा आयोजना स्थल पुग्न वढिमा १ घण्टा समय लाग्ने र राती बास बस्न नपर्ने,

घ. आफ्नो उत्पादनबाट बढिमा ३ महिना सम्म खाना पुग्ने तथा अति जोखिम घरपरिवार,

ङ. घरपरिवारमा अपाङ्गता, गर्भवति र एकल महिला भएका घरपरिवार,

च. घरपरिवारमा कुनै पनि समुह, सहकारी, सरकारी तथा गैर सरकारी संघसंस्थामा रोजगारी नभएको घरपरिवार,

छ. पिछडिएको जाति, समुदाय, तथा द्वन्द पिडित घरपरिवार र

ज. आयोजना संचालनका लागि व्यक्तिगत जग्गा जमिन उपलब्ध गराउने घरपरिवार ।

**५.२ लक्षित घरधुरी वा व्यक्तिको व्यवस्थापन सूचना प्रणालीमा दर्ता:** (१) दफा ५.१ को उपदफा (३) बमोजिम छनौट भएका घरधुरीका व्यक्तिहरुलाई अनुसूची १ बमोजिमको विवरण संकलन गरि दर्ता गरिनेछ ।

(२) उपदफा (१) बमोजिम संकलन भएको विवरणलाई व्यवस्थित सूचना प्रणालीमा प्रविष्ठ गर्ने कार्य नगरपालिकामा कार्यरत कर्मचारीले गर्नेछ । यसरी व्यवस्थित सूचना प्रणालीमा दर्ता गरि घरधुरी दर्ता नं. उपलब्ध गराउनु पर्नेछ ।

**५.३ लक्षित घरधुरी वा व्यक्तिलाई परिचय पत्र वितरणः** व्यवस्थित सूचना प्रणालीमा भएको घरधुरी दर्ता नं. का आधारमा लक्षित घरधुरी वा व्यक्तिको परिचय पत्र तयार हुनेछ । घरधुरीको परिचय पत्र अनुसूची २ वा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगतका कामदारलाई प्रदान गरिने परिचयपत्र बमोजिमको ढाँचामा नगरपालिकाले तयार गर्नेछ र क्रमश पहिचान भएका घरधुरीलाई परिचय पत्र  वितरण गर्दै लगिनेछ ।

**५.४ लक्षित घरधुरीका लाभग्राहीलाई आयोजना सम्बन्धि विस्तृत अभिमूखिकरणः** आयोजनाका लागि छनौट भई व्यवस्थित सुचना प्रणालीमा दर्ता भएका व्यक्ति तथा घरधुरीहरुलाई आयोजना अन्तर्गत संचालन गरिने क्रियाकलाप, विधि तथा पद्धतिका साथै समग्र प्रक्रियाका बारेमा देहाय बमोजिम अभिमूखिकरण गर्नु पर्नेछः-

- आयोजना संचालन गर्नुको लक्ष्य, उद्देश्य तथा औचित्य,
- आयोजना संचालन गरिने क्षेत्र, ठाउँ को विस्तृत रेखांकनको जानकारी,
- आयोजनाबाट प्रत्यक्ष तथा अप्रत्यक्ष लाभान्वित वर्ग, जातजाति, समुदायबारे जानकारी,

- आयोजना अन्तरगत निर्माण हुने संरचना तथा आयोजनाको कुल लागत विवरण,
- आयोजना कार्यान्वयन तथा परिचालनका लागि उपभोक्ता समिति गठन, तथा उपभोक्ता समितिका पदाधिकारी र समितिको काम कर्तव्य अधिकार,
- कामदार वा लाभान्वित वर्गको काम, कर्तब्य, र अधिकार
- आयोजना व्यवस्थापनका लागि व्यवस्थित सूचना प्रणालीको जानकारी,
- आयोजनाको सहजीकरण, सुपरिवेक्षण, तथा अनुगमनमा परिचालन भएका कर्मचारीको जानकारी,
- आयोजनाको प्रभावकारी कार्यान्वयनका लागि उपलब्ध गराईएको हाते औजारहरु
- आयोजनामा संलग्न कामदारहरुको सुरक्षाका लागि वितरण गरिएका सेफ्टी उपकारण तथा सामाग्रीहरु
- आयोजनाका लागि व्यवस्थापन गरिएको प्राथमिक उपचार र कामदारको विमाको बारेमा जानकारी,
- आयोजना खाता तथा बैठक पुस्तिकाको प्रयोग,
- कामदारको हाजिरी विवरणको अभिलेख व्यवस्थापन,
- आयोजना कार्यान्वयन गर्दा समुह विभाजन तथा समुहगत कार्यको बाडँफाँट विधि,
- आयोजना अन्तरगत सम्पन्न भएका कार्यको नाप जाँच र विल तयार,
- आयोजनाको लागि चाहिने स्थानीय सामाग्रीको संकलन तथा वाह्य सामाग्रीको खरिद प्रक्रिया ,
- आयोजनाको खर्च व्यवस्थापनका लागि बैङ्क खाता संचालन, तथा कामदारको ज्याला भुक्तानीका लागि व्यक्तिगत बैङ्क खाता संचालन,
- आयोजनाको नियमित अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन प्रक्रिया,
- आयोजनाका पारदर्शिताको लागि आयोजना सूचना पाटी, आयोजनाको समिक्षा, सार्वजनिक लेखा परिक्षण, सार्वजनिक सुनुवाई र आयोजनाको लेखा परिक्षण,
- आयोजनाको दिगो व्यवस्थापनका लागि मर्मत संभार कोष, मर्मत संभार समितिको गठन तथा व्यवस्थापन,
- आयोजनाको हस्तान्तरण ।

**५.५ लाभग्राहीहरुलाई कार्यस्थलमा अपनाउनुपर्ने स्वास्थ्य तथा सुरक्षा सम्वन्धी जानकारीः** आयोजनामा संलग्न कामदार तथा कर्मचारीका सुरक्षणका लागि देहाय बमोजिमका स्वास्थ्य सुरक्षा तथा सुरक्षाका सामाग्रीको वितरण नगरपालिकाले गर्नेछ । नगरपालिकाले उपलब्ध गराउने स्वास्थ्य सुरक्षा तथा सामाग्रीहरु देहाय बमोजिम हुनेछन्:

- सबै कामदारको कम्तिमा ५,००,००० (पाँच लाख रुपैयाँ) रकम बराबरको दुर्घटना बिमा हुनेछ,
- आयोजना स्थलमा प्राथमिक उपचारको व्यवस्था हुनेछ,
- आयोजनामा संलग्न कामदारहरुका लागि स्वास्थ्य सामाग्रीहरु जस्तैः हेलमेट, गमबुट, सेफ्टी भेष्ट, चस्मा, पन्जा, मास्क आदि व्यवस्था हुनेछ,
- आयोजना स्थलमा अस्थायी शौचालय (महिला तथा पुरुष) को व्यवस्थापन भएको हुनेछ,
- आयोजना स्थलमा खानेपानीको व्यवस्था गरिनेछ,
- आयोजना स्थलमा हात धुने तथा सरसफाईको व्यवस्थापन हुनेछ ।

## परिच्छेद-६

## उपभोक्ता समितिको गठन तथा परिचालनः

**६.१ उपभोक्ता समितिको चयन तथा गठनः** उपभोक्ता समितिको गठन देहाय बमोजिम गर्नु पर्नेछ ।

१. आयोजनाबाट प्रत्यक्ष लाभान्वित उपभोक्ताहरुको आम भेलाबाट अधिकतम सहभागितामा सम्बन्धित आयोजना स्थलमा नै सात देखि एघार (७ देखि ११ जना) सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ,

२. समिति गठनको लागि आम भेला हुने समय, मिति, स्थान र भेलाको बिषय त्यस्तो भेला हुने मितिले कम्तिमा सात दिन अगावै सार्वजनिक रुपमा जानकारी गराउनु पर्नेछ,

३. नगरपालिका स्तरीय आयोजना सञ्चालनको लागि उपभोक्ता समितिको गठन गर्दा कार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्य वा कार्यालयको प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ,

४. वडास्तरीय आयोजना सञ्चालनको लागि उपभोक्ता समिति गठन गर्दा सम्वन्धित वडाको वडा अध्यक्ष वा वडा सदस्य वा कार्यालयले तोकेको कार्यालयको प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ,

५. उपभोक्ता समिति गठनको लागि बोलाईएको भेलामा योजनाको संक्षिप्त विवरण र समितिको संरचना सहितको जानकारी कार्यालयको प्रतिनिधिले गराउनु पर्नेछ,

६. उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्तको अवलम्वन गर्नुपर्ने छ । समितिमा कम्तिमा ६० ( साठी) प्रतिशत महिला सदस्य हुनुपर्नेछ । समितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तीमा एकजना महिला पदाधिकारी हुनुपर्नेछ,

७. एक व्यक्ति एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन साथै सगोलका परिवारबाट एकजना भन्दा बढी व्यक्ति एउटै उपभोक्ता समितिको सदस्य हुन पाइने छैन,

८. उपभोक्ता समितिको गठन सकेसम्म सर्वसम्मत तरिकाले गर्नुपर्नेछ । यदि सर्वसम्मत हुन नसकेमा उपभोक्ताहरुको बहुमतबाट उपभोक्ता समितिको गठन गरिने छ,

९. उपभोक्ताहरुको लागत सहभागितामा सञ्चालन हुने आयोजनाहरु उपभोक्ता समितिबाट कार्यान्वयन गर्न प्राथमिकता दिईनेछ,

१०. उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नु पर्ने काम समिति आफैंले गर्नु गराउनु पर्नेछ अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्थालाई ठेक्कामा दिई गर्न गराउन पाइने छैन,

११. कार्यालयले आयोजना सञ्चालन एवं कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख अनुसूची ५ बमोजिमको ढाँचामा व्यवस्थित गर्नु पर्नेछ ।

**६.२ उपभोक्ता समितिका सदस्यको योग्यताः** (१) उपभोक्ता समितिका सदस्यको योग्यता देहाय बमोजिम हुनु पर्नेछ ।

क. सम्वन्धित आयोजना क्षेत्रको स्थायी वासिन्दा,

ख. १८ वर्ष उमेर पुरा भई ५९ वर्ष पुरा नभएको,

ग. फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको,

घ. सरकारी बाँकी बक्यौता वा पेश्की फछ्यौट गर्न बाँकी नरहेको,

ङ. अन्य उपभोक्ता समितिमा सदस्य नरहेको ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि जनप्रतिनिधि, राजनीतिक दलका पदाधिकारी, बहालवाला सरकारी कर्मचारी र शिक्षक तथा निर्माण व्यवसायी उपभोक्ता समितिको सदस्यमा बस्न पाईने छैन ।

**६.३ उपभोक्ता समितिको काम, कर्तब्य र अधिकारः** उपभोक्ता समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. सम्झौता बमोजिमको कार्य सम्पादन गर्ने,

२. उपभोक्ताहरुलाई कार्यालयबाट प्राप्त सूचना तथा मार्गदर्शनको जानकारी गराउने,

३. सम्झौता बमोजिम कार्य शुरु गर्दा कार्यालयबाट आवश्यक निर्देशन प्राप्त गर्नु पर्ने भए प्राप्त गरेर मात्र शुरु गर्ने,

४.उपभोक्ता समितिको कार्य सम्पादनलाई प्रभावकारी बनाउन समितिका सदस्यहरुको कार्य विभाजन र जिम्मेवारी बाँडफाँड गर्ने,

५.उपभोक्ता समितिका सदस्यहरुको क्षमता विकास गर्ने,

६. सम्झौता बमोजिमको कामको परिमाण, गुणस्तर, समय र लागतमा परिवर्तन गर्नु पर्ने देखिएमा कार्यालयलाई अनुरोध गर्ने,

७. आयोजनाको दिगो व्यवस्थापन सम्बन्धी आवश्यक अन्य कार्य गर्ने ।

**६.४ उपभोक्ता समितिको पदाधिकारीहरुको काम, कर्तब्य अधिकारः** उपभोक्ता समितिले कार्यालयसँग भएको सम्झौता बमोजिमको कार्य सम्पादन गर्दा कार्यालयले तोकेका शर्तहरुको अतिरिक्त निम्न दायित्व वहन गर्नु पर्नेछः

क. आयोजनाको दिगो व्यवस्थापनको लागि मर्मत सम्भार गर्ने सम्बन्धी आवश्यक कार्य,

ख. आयोजना कार्यान्वयनबाट पर्न सक्ने वातावरणीय सन्तुलन कायम गर्ने सम्बन्धी कार्य,

ग. अन्य आयोजनाहरुसँग अन्तरसम्बन्ध कायम गर्नुपर्ने,

घ. असल नागरिकको आचरण पालना गर्नुपर्ने,

ङ उपभोक्ता समितिले आयोजनाको फरफारकको लागि कार्यालयमा कागजात पेश गर्दा अनुसूचि ७ बमोजिमको ढाँचामा आयोजनाको भौतिक तथा वित्तिय प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**६.५ लाभग्राहीको काम कर्तव्य अधिकारः**

क. सहयोगी संस्थालाई कार्यक्रमको लागि आवश्यक सहयोग र सूचना उपलब्ध गराउने,

ख. खाद्य असुरक्षित समुदायका सदस्यहरु एवं महिलाहरुको हित सुनिश्चित गर्न उपभोक्ता समितिका सदस्यहरु मनोनित गर्ने,

ग. परियोजना संचालनको लागी आवश्यक (नपुग) औजार जुटाउन/व्यवस्थापन र सुरक्षा गर्नको लागी उपभोक्ता समितिलाई सहयोग गर्ने,

घ. पूर्वाधार श्रृजना गर्ने क्रियाकलापहरुमा सहभागी हुने,

ङ. सम्भव भएको बेला स्वेच्छिक अनुदान उपलब्ध गराउने तथा यस्ता अनुदानको व्यवस्था गर्ने,

च. सार्वजनिक लेखापरीक्षणको बैठकमा उपस्थित हुने,

छ. सम्पन्न भएका पूर्वाधारहरुको सञ्चालन र मर्मत गर्ने,

ज. परियोजनाको कार्य स्थलमा मध्यपान गरेर नआउने यदि कोही कसैले यस्तो कार्य गरि आएको खण्डमा उपभोक्ता समूहले त्यस्तो ब्यक्तीको उक्त दिनको हाजिरी रद्ध गर्नको लागि उपभोक्ता समितिलाई सिफारिस गर्नुपर्नेछ,

झ. हरेक लाभान्वित घरधुरीले कार्यक्रमको तर्फवाट अनुदान (ज्याला) प्राप्त गर्नको लागी, कार्यक्रमले तोकेको परियोजनामा तोकिएको काम दिन बरावरको काम अनिवार्य सम्पन्न गर्नु पर्नेछ । (काम दिन भन्नाले नगरपालिकाले विस्तृत सर्भे पश्चात तयार गरेको लागत अनुमानमा तोके वमोजिम सम्झनु पर्दछ) ।

**६.६ उपभोक्ता समितिको खाता संचालन तथा परिचालनः**

क. उपभोक्ता समितिको खाता कार्यालयले तोकेको बैंङ्कमा सञ्चालन हुनेछ,

ख. समितिको खाता अध्यक्ष, कोषाध्यक्ष र सचिव गरी तीन जनाको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ,

ग. खाता सञ्चालकहरु मध्ये कम्तिमा एकजना महिला हुनु पर्नेछ ।

## परिच्छेद-७

## आयोजनाको सुरक्षण व्यवस्थापनः

**७.१ लाभग्राहीको सामुहिक बिमाः**

स्थानीय सरकार तथा सहयोगी संस्थाले परियोजना कार्यमा काम गर्ने सम्पूर्ण कामदारहको हितलाई ध्यानमा राखि सामुहिक दुर्घटना बिमा गर्नेछ र सोको बिमा सम्बन्धि आवश्यक जानकारी उपभोक्ता समितिलाई गराईने छ ।

**७.२ लाभग्राहीको व्यक्तिगत सुरक्षा :** (१) गर्भावस्थाका तथा सुत्केरी महिलाहरुलाई कडा शारीरिक परिश्रम हुने काममा नलगाउने ,

(२) १८ वर्षभन्दा कम उमेरका बालबालिकाहरु र ६० वर्ष माथिका जेष्ठ नागरिकलाई निर्माण कार्यमा संलग्न नगराउने ।

(३) सहभागी कामदारहरुलाई सुरक्षाका आवश्यक उपायहरुबारे जानकारी गराउने,

(४) उपभोक्ता समूहलाई लैङ्गिक सचेतनाको ढंगले उपभोक्ता समिति सदस्य मनोनयन गर्न सहयोग गर्ने, उपभोक्ता समितिलाई उनीहरुको उत्तरदायित्व बारे जानकारी गराउने,

(५) परियोजना कार्यान्वयनको सुपरिवेक्षण गर्ने र प्राविधिक सहयोगको साथै लैंङ्गिक सचेतनाको ढंगले सामाजिक परिचालन गराउने,

**७.३ आयोजना स्थलमा प्राथमिक उपचार पद्धति :** आयोजना स्थलमा सामान्य चोटपटक तथा विरामी उपचारका लागि आधारभूत वा न्यूनतम औषधी सहितको प्राथमिक उपचार किट बाकस नगरपालिकाले उपलब्ध गराउनेछ ।

**७.४ आयोजना स्थलमा खानेपानी तथा शौचालयको  सरसफाई व्यवस्थापन :** आयोजना स्थलमा महिला तथा पुरुष कामदारका लागि छुट्टा छुट्टै शौचालयको ब्यवस्था गर्नु पर्ने छ साथै कामदारका लागि सफा खानेपानीको ब्यवस्था गर्नु पर्ने छ ।

**७.५ आयोजना स्थलमा बाल हेरचाह तथा व्यवस्थापन :** दुई (२) वर्ष मुनिका बालबालि भएको घरपरिवारबाट स्थानीय पूर्वाधार विकासको कार्यका लागि छनौट भएको खण्डमा आयोजना वा निर्माण स्थलमा बालबालिकाको उचित हेरचाहको व्यवस्था गर्नु पर्ने छ ।

## परिच्छेद-८
## आयोजनाको अभिलेख व्यवस्थापनः

**८.१ आयोजनाको बैठक पुस्तिका :** (१) उपभोक्ता समितिको वैठक कम्तीमा १ महिनामा दुई पटक वस्ने छ र आवश्यकता अनुसार थप बैठक बस्न सक्नेछ,

(२) आवश्यकता अनुसार वैठकमा कसैलाई आमन्त्रण गरी छलफल तथा निर्णयमा सहभागिता गराउन सकिनेछ,

(३) समितिको बैठकमा भएका छलफल तथा निर्णयहरुको अभिलेखिकरण व्यवस्थापन गर्नका लागि समितिको छुट्टै बैठक पुस्तिका हुनेछ ।

**८.२ हाजिरी अभिलेख किताब :** (१) आयोजनामा काम गर्ने दक्ष तथा अदक्ष कामदारहरुको हाजिरी आयोजना तथा स्थानीय सरकारले तोकेको ढाँचामा दैनिक हाजिरी राख्नु पर्ने छ । उक्त हाजिरी उपभोक्ता समिति वा उक्त आयोजना स्थलमा खटिएको कर्मचारीले दैनिक अभिलेखिकरण तथा अद्यावधिक गर्नु पर्नेछ ।

(२) उपभोक्ता समिति तथा प्राविधिक कर्मचारीले नियमित अभिलेखिकरण, प्रतिवेदन तयारी तथा रिपोर्टिङ्गका साथै कागजातको सुरक्षा गर्नु पर्नेछ ।

## परिच्छेद-९
## आयोजनाको कामको नाप जाँच, तथा कार्य सम्पन्न

**९.१ आयोजनाको पहिलो नाप जाँच तथा बिल तयारः**

आयोजना निर्माणको कार्य प्रगति हेरि नगरपालिकाले प्राविधिक नापजाँच नियमको परिधि भित्र रही तोकिएका प्राविधिक कर्मचारीहरुबाट कम्तिमा ३० प्रतिशत कार्य सम्पन्न भए पश्चात आयोजनाको नाप जाँच गरि पहिलो बिल तयार गर्नेछ । यसरी विल तयार गर्दा समूहगत परिमाण छुटाई सोहि बमोजिम कामदार तथा सामाग्रीको भुक्तानीका लागि व्यवस्थापन गर्नु पर्नेछ ।

**९.२ आयोजनाको दोस्रो नाप जाँच तथा बिल तयार :** आयोजना निर्माणको कार्य प्रगति हेरी नगरपालिकाले प्राविधिक नाप जाँच नियमको परिधि भित्र रही तोकिएका प्राविधिक कर्मचारीहरुबाट कम्तिमा ७० प्रतिशत कार्य सम्पन्न भए पश्चात आयोजनाको नाप जाँच गरि दोस्रो बिल तयार गर्नेछ । यसरी विल तयार गर्दा समूहगत परिमाण छुटाई सोहि बमोजिम कामदार तथा सामाग्रीको भुक्तानीका लागि व्यवस्थापन गर्नु पर्नेछ ।

**९.३ आयोजनाको अन्तिम नाप जाँच तथा बिल तयार :** आयोजनाको सम्पूर्ण कार्य सम्पन्न भए पश्चात अधिकार प्राप्त अधिकारी वा प्राविधिक कर्मचारीले स्थलगत अनुगमन तथा निर्माण कार्यको जाँच तथा मूल्याङ्कन पश्चात कार्य सम्पन्न प्राविधिक प्रतिबेदन तथा अन्तिम बिल तयार गर्ने छ । यसरी तयार भएको

बिलको आधारमा आयोजनाको कुल खर्च तयार पारि भुक्तानीको व्यवस्थापन गरिनेछ। प्राविधिकको कार्य सम्पन्न भएको प्रतिबेदन र सिफारिस बेगर अन्तिम भुक्तानी दिइने छैन।

## परिच्छेद-१०
## आयोजनाको खरिद, दाखिला तथा भुक्तानी व्यवस्थापनः

**१०.१ आयोजना कार्यान्वयनमा चाहिने स्थानीय तथा बाह्य सामाग्री खरिद :** आयोजना संचालनको लागि आवश्यक पर्ने निर्माण सामग्री, औजार तथा व्यक्तिगत सुरक्षाका सामग्रीहरु खरिद गर्नु पर्दा सार्वजनिक खरिद ऐन २०६३ वा प्रचालित कानुनको अधिन भित्र रहि नगरपालकिाले गर्ने छ।

**१०.२ खरिद गरिएका सामाग्रीहरुको दाखिला तथा स्टोर व्यवस्थापन :** नगरपालिका वा वडा कार्यालयले परिच्छेद १० को दफा १०.१ बमोजिम खरिद भएका निर्माण सामाग्रीहरुको उचित तवरले तथा नियम संगत अभिलेख राखि आम्दानी बाँध्नु पर्नेछ। तर आम्दानी बाँधी अभिलेख राख्दा सामाग्रीको गुणस्तर तथा परिमाणको चेकजाँच प्राविधिक कर्मचारी वा तोकिएको अधिकारीबाट गराउनु पर्नेछ। सामाग्रीको गुणस्तर तथा परिमाण ठिक नभएको खण्डमा सामाग्रीका दाखिला नगरि पुन सप्लायर्सलाई फिर्ता पठाईनेछ। दाखिला वेगर नगरपालिकाले कुनै पनि निर्माण सामाग्रीहरुको वितरण वा खर्च गर्न पाईने छैन।

**१०.३ सामाग्रीको ढुवानी व्यवस्थापन :** स्थानीय सरकारबाट सामग्रीहरु प्राप्त भएपछि मूल सडक देखि आयोजना स्थलसम्म सामग्री ढुवानी तथा ब्यवस्थापन उपभोक्ता समितिले गर्नुपर्ने छ। यसरी सामाग्री ढुवानी तथा व्यवस्थापन गर्दा जिल्ला दररेट, घटि घटाउ वा प्रचलित कानुनको अधिनमा रहि गर्नु पर्नेछ।

**१०.४ सामाग्री खरिदको रकम भुक्तानी प्रक्रिया :** आयोजना संचालनको लागि आवश्यक निर्माण सामग्री, औजार तथा ब्यक्तिगत सुरक्षा सामग्रीहरु खरिद गर्दा सार्बजनिक खरिद ऐन, २०६३ को अधिन भित्र रहि गरिने छ। यसरी खरिद भएका सामग्रीहरुको भूक्तानी गर्नु पूर्व सामाग्रीको गुणस्तर वा परिमाण ठिक भए नभएको यकिन गरि एकाउन्ट पेई चेक वा बैङ्कबाट भूक्तानी गर्नु पर्ने छ।

**१०.५ कामदार वा लाभग्राहीको बैङ्क खाता संचालन :** आयोजनामा काम गर्ने दक्ष तथा अदक्ष कामदारको ज्याला भुक्तानी बैङ्क मार्फत निजको ब्यक्तिगत बैङ्क खातामा गर्नुपर्ने छ। कामदारलाई पायक पर्ने बैङ्कमा बैङ्क खाता खोल्नका लागि अभिप्रेरित वा उत्प्रेरित तथा सहजीकरण नगरपालिका वा वडा कार्यालयबाट गर्नु पर्नेछ।

**१०.६ कामदार वा लाभग्राहीको पारिश्रमिक भुक्तानी प्रक्रिया :** आयोजनामा काम गर्ने दक्ष तथा अदक्ष कामदारले बैङ्क खाता संचालनको विस्तृत विवरण नगरपालिका वा वडा कार्यालय वा उपभोक्ता समिति वा खटिएका कर्मचारीलाई दिनु पर्नेछ। कामदारको बैंङ्क खाताको विवरण नगरपालिकाले व्यवस्थित सूचना प्रणालीमा प्रविष्ट गरि अभिलेखलाई व्यवस्थित गर्नु पर्नेछ। नगरपालिकाले कामदारको ज्याला रकम भुक्तानी बैङ्क मार्फत निजको ब्यक्तिगत बैङ्क खातामा गर्नु नगरपालिकाको दायित्व हुनेछ। बैंङ्क खाता बाहेक कामदारलाई कुनै पनि नगद भुक्तानी गरिने छैन।

**१०.७ आयोजनाको लागि आवश्यक हाते औजार व्यवस्थापन :** आयोजनाको कार्य संचालनका लागि चाहिने आबश्यक हाते औजारहरु तथा ब्यक्तिगत सुरक्षाका सामग्रीहरु नगरपालिकाले ब्यवस्थापन गर्नु पर्नेछ ।

## परिच्छेद-११

## आयोजनाको पारदर्शिता तथा जवाफदेहिता व्यवस्थापन

**११.१ आयोजना सम्झौता :** तोकिएको समय अवधि भित्र आयोजनाको कार्य सम्पन्न गर्नका लागि स्थानीय सरकार, तथा उपभोक्ता समिति वीच स्थानीय सरकारले तोकेको ढांचा अनुसार सम्झौता गर्नु पर्ने छ तर कुनै सहयोगी संस्थाबाट अनुदान प्राप्त भएको खण्डमा त्रिपक्षिय सम्झौता गरि आयोजनाको कार्यान्वयन गरिने छ । नगरपालिका तथा उपभोक्ता समिति बिच हुने सम्झौता अनुसूची ३ बमोजिमको ढाँचामा हुनेछ ।

**११.२ आयोजना सूचना पाटीको व्यवस्थापन :** आयोजनाको लागत विवरण सर्वसाधारण तथा सरोकारवालाहरुको जानकारीका लागि आयोजनाको लागत विवरण स्पस्ट देखिने गरि आयोजना स्थलमा आयोजना सूचना पाटी राख्नु पर्ने छ । नगरपालिकाद्वारा संचालन हुने पुर्वाधार विकासका आयोजनाको लागि अनुसूची ४ बमोजिमको ढाँचामा सूचना पाटी तयार गरि टाँस गरिनेछ ।

**११.३ आयोजनाको समिक्षा कार्यक्रम :** आयोजनाको गुणस्तर कायम गर्नका लागि नगरपालिकाले नियमित अनुगमन तथा सुपरिवेक्षणका साथै आयोजनाको संयुक्त अनुगमन गरि कामको गुणस्तर तथा कार्य प्रगतिको समिक्षा गरि कमि कमजोरी भएमा सुधार गर्नु पर्ने छ ।

**११.४ आयोजनाको सार्वजनिक परिक्षण :** आयोजना सम्पन्न भए पश्चात स्थानीय सरकारका प्रतिनिधि, उपभोक्ता समिति, स्थानीय सरोकारवाला, आयोजनाका लाभग्राही तथा कामदारको रोहवरमा आयोजनाको आम्दानी, खर्च तथा भौतिक प्रगतिको विवरण सार्बजनिक गर्नु पर्ने छ । सार्वजनिक परिक्षण वडा कार्यालय वा नगरपालिकाको सहयोग तथा सहजिकरणमा उपभोक्ता समितिले आयोजना सम्पन्न भएपछि गर्नुपर्ने छ । आयोजनाको वास्तविक आम्दानी (नगद तथा जिन्सी) को खर्चको बिस्तृत विवरण सार्बजनिक स्थलमा टाँस गर्नु पर्नेछ ।

## परिच्छेद-१२

## आयोजनाको अनुगमन तथा मूल्यांकनः

**१२.१ आयोजनाको अनुगमन गर्ने निकाय तथा व्यक्ति :** (१) आयोजना अनुगमन कार्यलाई प्रभावकारी बनाउनको लागि नगरपालिकाले अनुगमन तथा सुपरिवेक्षण समितिको गठन एवं परिचालन गर्नेछ । यसरी नगरपालिका भित्र संचालित आयोजनाको लागत, परिमाण, समय सीमा र गुणस्तरियताको आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनको लागि नगर उपप्रमुखको अध्यक्षतामा देहाय बमोजिमको अनुगमन समितिको गठन गरिनेछ :

(क) उपप्रमुख — संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(ग) नगर कार्यपालिकाका सदस्य मध्ये कम्तीमा एकजना महिला पर्ने गरी नगर प्रमुखले मनोनित गरेको दुई जना सदस्य — सदस्य

(घ) पत्रकार महासंघको स्थानीय प्रतिनिधि एक जना — सदस्य

(ङ) कार्यक्रमसँग सम्बन्धित शाखा प्रमुख — सदस्य

(च) योजना शाखा — सदस्य-सचिव

(२) अनुगमन समितिले कार्यपालिकाका अन्य सदस्य तथा विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ । यसको अलावा, योजनाको अनुगमन तथा मूल्याङ्कनमा निम्न निकायहरु संलग्न हुन सक्दछन् :-

- नगर कार्यपालिका,
- जिल्ला समन्वय समिति,
- अनुगमन तथा सुपरीवेक्षण समिति,
- विषयगत समिति,
- विषयगत महाशाखा/शाखा, उपशाखा, एकाइ, परियोजना, सङ्घ/संस्था,
- नागरिक समाज संस्था तथा तेश्रो पक्ष ।

**१२.२ अनुगमनको क्षेत्र :** आयोजना र कार्यक्रम तोकिएको गुणस्तर, परिमाण र समयमा सम्पन्न गर्न गराउन ब्यक्ति, उपभोक्ता समिति र निर्माण व्यवसायीले सम्पादन गर्ने कार्यको अनुगमन गरी आयोजना, परियोजना तथा कार्यक्रमको गुणस्तर, परिमाण सुनिश्चित गर्न पालिकाले निम्न प्रकारका कार्यक्रम वा आयोजनाहरुको अनुगमन गर्ने व्यवस्था गर्नु पर्नेछ :-

(क) न.पा. बाट स्वीकृत कार्यक्रम वा आयोजनाहरु

(ख) न.पा. बाट लगानी भएको आयोजनाहरु

(ग) नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त स्रोत साधन मार्फत सञ्चालित आयोजनाहरु

(घ) न.पा. को क्षेत्र भित्र गैरसरकारी सस्था मार्फत सञ्चालित आयोजनाहरु ।

**कार्यक्रम/आयोजनाका विभिन्न चरणमा गरिने अनुगमन तथा मूल्याङ्कनको उद्देश्य :**

| अनुगमन तथा मूल्याङ्कनका प्रकार | उद्देश्य |
|---|---|
| **१. निरन्तर अनुगमन** | • **कार्यक्रम/आयोजना कार्यान्वयन चरणमा लगानी, क्रियाकलाप, प्रक्रिया र प्रतिफल सूचकहरूको आधारमा कार्य सम्पादन भए नभएको निर्धारण गर्न ।** |
| **२. दिगोपना अनुगमन** | • **कार्यक्रम/आयोजनाको कार्यान्वयन चरण सम्पन्न भएपछि उक्त कार्यक्रम/आयो जनाको निर्धारित आयुसम्म निरन्तर सञ्चालनको लागि आवश्यक पर्ने स्रोतसाधन तथा मर्मत-सम्भार निश्चित गर्न ।** |
| **३. पूर्वमूल्याङ्कन** (Ex-ante) | • **कार्यक्रम/आयोजनाको आवश्यकता तथा सुनिश्चितता निर्धारण गर्न,**<br>• **कार्यक्रम/आयोजनाको पूर्ण विवरण स्पष्ट्र गर्न र सूचकहरू निर्धारण गर्न ।** |
| **४.चालू मूल्याङ्कन** (On-going) | • **कार्यक्रम/आयो जनाको प्रगतिको समीक्षा गर्न,**<br>• **पूर्वनिर्धारित कार्ययोजनामा परिमार्जन गर्न वा सञ्चालन ढाँचामा आवश्यक परिवर्तन गर्न ।** |

| | |
|---|---|
| ५ ५. अन्तिम मूल्याङ्कन (Terminal) | ● कार्यक्रम/आयोजनाको कार्यक्षमता, प्रभावकारिता र दिगोपनालाई ध्यानमा<br>राखेर समीक्षा गर्न र कार्यक्रम/आयोजना सम्पन्न भएपछि थप कार्य **(Follow-up)** आवश्यक रहेको वा नरहेको निर्क्यौल गर्न । |
| ६. प्रभाव मूल्याङ्कन (Ex-post) | ● कार्यक्रम/आयोजनाको प्रभाव र दिगोपनालाई ध्यानमा राखेर समीक्षा गर्न,<br>● भविष्यमा कार्यक्रम/आयोजनाको तर्जुमा र कार्यान्वयन गर्दा सुधार गर्नका लागि सिकाइ र सुझावहरू प्राप्त गर्न । |
| ७. निरन्तर पृष्ठपोषण | ● विभिन्न चरणमा गरिने अनुगमन र मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई उचित समयमा सम्बोधन गर्नुपर्छ । |

**१२.३ आयोजनाको अनुगमन विधि तथा पद्धति :** स्थानीय स्तरमा संचालित आयोजनालाई परिणाममूखि बनाउनका लागि योजनातह देखि कार्य संम्पन्न पश्चात पनि कार्यक्रमको निरन्तर अनुगमन तथा मूल्याङ्कन गर्नु पर्दछ । यसरी आवधिक योजनाको गरिने अनुगमन तथा मूल्याङ्कन देहायमा उल्लेखित औजार तथा विधि उपयोग गरी गर्न सकिनेछः-

- स्थलगत अनुगमन,
- फोटो अनुगमन (पुर्वाधार निर्माण पूर्व, निर्माणधिन र निर्माण सम्पन्न पछिको अवस्था),
- आयोजनाको लक्ष्य र प्रगति बीच तुलना,
- नागरिक समाज तथा पत्रकारद्वारा गरिएको अनुगमन प्रतिवेदन तथा समीक्षा,
- नतिजामा आधारित ढाँचा अनुसार वार्षिक समीक्षा,
- नतिजामूलक ढाँचा अनुसार सहभागितामूलक मध्यावधि मूल्याङ्कन (तेश्रो पक्षबाट),
- नतिजामूलक ढाँचा अनुसार सहभागितामूलक अन्तिम मूल्याङ्कन (तेश्रो पक्षबाट),

**१२.४ अनुगमन गर्दा ध्यान दिनुपर्नेः** अनुगमन तथा सुपरिवेक्षण समितिले यस कार्यविधि बमोजिम आयोजना तथा कार्यक्रमहरुको अनुगमन गर्दा देहायका विषयमा ध्यान दिनु पर्नेछ :

- कार्यतालिका अनुसार काम भए नभएको एकिन गर्ने,
- तोकिएको कामको परिणाम, लागत र गुणस्तर कायम गराउने,
  - आयोजना वा कार्यक्रमको डिजाईन वा कार्यान्वयनको क्रममा भएका गल्ती वा कमजोरी तत्काल सुधार गरि सार्बजनिक कोषको अपव्यय हुनबाट रोक्ने,
  - अनुगमन तथा सुपरिवेक्षण कार्यलाई पारदर्शी र सहभागितामूलक बनाई नागरिकमा पालिकाले गर्ने विकास निर्माण कार्य प्रति सकारात्मक भावनाको विकास गराउने ।

**१२.५ अनुगमनको प्रतिवेदन ढाँचा, अनुगमन चेकलिस्ट तथा पेश गर्ने निकाय तथा व्यक्तिः**

नतिजामूलक अनुगमन प्रणाली अनुसार नतिजा खाकाको उपयोग गरी प्रस्तावित सूचक अनुसार हाँसिल हुनु पर्ने लक्ष्य हाँसिल भए नभएको लेखाजोखा गर्नु पर्दछ । अनुगमन गर्दा योजनाको लक्ष्य, उद्देश्य,

प्रतिफल र कार्यक्रम समेत सबै तहमा गरिनु पर्दछ । यसका लागि स्थानीय तहले आफ्नो आवश्यकता र उपलब्ध सूचना तथा विवरणका आधारमा अनुगमन तथा प्रतिवेदन प्रणालीको विकास गरी अवलम्बन गर्न सक्दछन् । साथै स्थानीय तहको तथ्याङ्क व्यवस्थापन र प्रयोगका लागि राष्ट्रिय प्रणालीसँग आवद्ध सूचना र प्रतिवेदन प्रणाली स्थापना गर्नु पर्ने हुन्छ । यसैगरी अन्तर्राष्ट्रिय प्रतिवद्धतासँग सम्बन्धित दिगो विकास लक्ष्य र राष्ट्रिय अभियानसँग सम्बन्धित विषयहरूको प्रतिवेदन त्रैमासिक, वार्षिक र आवधिक रूपमा नेपाल सरकारले ढाँचा निर्धारण गरेको अवस्थामा तोकिएको ढाँचा बमोजिम र समयतालिका अनुसार गर्नु पर्दछ ।

अनुगमन गर्न जाँदा अनुसूची ६ मा उल्लेखित अनुगमन चेकलिस्ट तथा अनुगमन प्रतिवेदनका लागि तालिका ४ मा उल्लेखित प्रतिवेदनको सामान्य ढाँचा प्रयोग गर्नु पर्दछ ।

आवधिक योजनाको प्रभाव, असर, प्रतिफल र कार्यक्रम तहमा गरिने नतिजामूलक अनुगमन प्रणाली अनुसार प्रक्रिया तथा हाँसिल नतिजाको मापन गरी सोको प्रतिवेदन तयार गर्नु पर्दछ । नतिजामूलक अनुगमन प्रणालीमा आधारित भई देहायको ढाँचामा अनुगमन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस प्रकार तयार गरिएको प्रतिवेदन उपर विषयगत समिति, कार्यपालिका र सभामा छलफलका लागि पेश गर्नुपर्दछ :

**योजनागत प्रगति प्रतिवेदनको बृहत ढाँचा :**

| नतिजा शृङ्खला | कार्यसम्पादनका सूचकहरू | | | भौतिक लक्ष्य | प्रगति (भौतिक र वित्तीय) | लक्ष्य र प्रगति बीचको अन्तर | कारण | समाधानका रणनीति |
|---|---|---|---|---|---|---|---|---|
| लक्ष्य | | | | | | | | |
| असर | | | | | | | | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| प्रतिफल | | | | | | | | |
| १.१ | | | | | | | | |
| २.१ | | | | | | | | |
| प्रमुख कार्यक्रम | | | | | | | | |
| १.१.१ | | | | | | | | |
| २.१.१ | | | | | | | | |
| ३.१.१ | | | | | | | | |

माथि उल्लेखित ढाँचामा कार्यक्रम/योजनाको अनुगमन गर्ने व्यक्ति तथा निकायले सम्पन्न कामको परिमाण, लेखाजोखा तथा विश्लेषण र सुझाव समेतको प्रतिवेदन तयार पारी पालिकामा वुझाउनु पर्दछ । प्रतिवेदन प्रणालीको विस्तृत ढाँचा प्रक्रिया प्रदेश तथा स्थानीय तह अनुगमन तथा मूल्याङ्कन दिग्दर्शनले तोके बमोजिम हुनेछ । प्रतिवेदन प्रणालीको संक्षिप्त ढाँचा उदाहरणको लागि तल प्रस्तुत गरिएको छ ।

**स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ ले तोके अनुसार अनुगमन प्रतिवेदन प्रणालीको संक्षिप्त ढाँचा :**

| अनुगमन प्रतिवेदनको विवरण | प्रतिवेदन पेश गर्ने निकाय | प्रतिवेदन प्राप्त गर्ने निकाय | समय |
|---|---|---|---|
| कार्यक्रम तथा आयोजनाको नियमित अनुगमन प्रतिवेदन | सम्बन्धित कर्मचारी, महाशाखा/शाखा, एकाइ | कार्यपालिका | नियमित |
| • आयोजना तथा कार्यक्रमको प्रक्रिया अनुगमन र उपलब्धि मापन प्रतिवेदन<br>• गैर सरकारी सङ्घ/संस्था, उपभोक्ता समिति, सहकारी संस्था लगायतका सामाजिक तथा सामुदायिक संघ/संस्थाको अनुगमन प्रतिवेदन | अनुगमन तथा सुपरीवेक्षण समिति (उपप्रमुखको संयोजकत्वमा गठित समिति) | कार्यपालिका | मासिक, त्रैमासिक र वार्षिक |
| प्रदेश सरकारलाई पेश गर्नुपर्ने प्रतिवेदन | प्रमुख प्रशासकीय अधिकृत | प्रदेश सरकारका सम्बन्धित निकाय | वार्षिक |

## परिच्छेद-१३ : आयोजनाको दिगोपनको व्यवस्थापन

**१३.१ आयोजना हस्तान्तरण :** स्थानीय स्तरमा संचालित योजनाहरुको निर्माण कार्य समाप्ती पश्चात, योजना संचालन, दिगोपन तथा समुदायका सवै वर्ग तथा जातीको पहुँचको सुनिश्चितता हुनेगरी योजनाहरुलाई उपभोक्ता समितिलाई हस्तान्तरण गर्नु पर्दछ । यसरी योजना हस्तान्तरण गर्नु पुर्वे एक मर्मत सम्भार समिति गठन भएको हुनुपर्नेछ । यसरी योजना हस्तान्तरण गर्दा पालिका, वडा कार्यालय र उपभोक्ता समितिको भूमिका तपशिल वमोजिम हुनुपर्दछ ।

**(१) नगरपालिकाको भूमिका :**

- उपभोक्ता समिति वा संरक्षण समितिसँग आयोजनाको शुरुवाति चरण देखि छलफल गरी आयोजनाको गुणस्तर कायम राख्न आवश्यक प्रवन्ध मिलाउने ।
- उपभोक्ता समिति वा संरक्षण समितिलाई आयोजनाको दिगोपनाको लागि मर्मत सम्भार कोष स्थापना तथा परिचालनमा सहजीकरण गर्ने ।
- उपभोक्ता वा संरक्षण समितिको क्षमताले मात्र आयोजनाको मर्मत संभार गर्न सक्ने अवस्था नभएमा आवश्यक सहयोग गर्ने ।
- निर्माण व्यवसायी मार्फत संचालन भएका आयोजना न्युन गुणस्तरको कारणले आँशिक वा पूर्ण रुपमा सन्चालन हुन नसकेमा आवश्यक प्रवन्ध मिलाउने ।
- आयोजनाको समय समयमा अनुगमन गरि उपभोक्ता समिति वा संरक्षण समितिलाई आवश्यक सल्लाह सुझाव दिने ।

- विपद्का कारणले आयोजना मर्मत सम्भार गर्नुपर्ने भएमा आयोजना मर्मत सम्भारको लागि आवश्यक सहयोग गर्ने ।

**(२) वडा कार्यालयको भूमिका :**

- उपभोक्ता समिति वा संरक्षण समिति सँग आयोजनाको शुरुवाति चरण देखि छलफल गरी आयोजनाको गुणस्तर कायम राख्न आवश्यक प्रवन्ध मिलाउने ।
- उपभोक्ता समिति वा संरक्षण समितिलाई आयोजनाको दिगोपनाको लागि मर्मत सम्भार कोष स्थापना तथा परिचालनमा सहजीकरण गर्ने ।
- उपभोक्ता वा संरक्षण समितिको क्षमताले मात्र आयोजनाको मर्मत संभार गर्न सक्ने अवस्था नभएमा आवश्यक सहयोग गर्ने ।
- निर्माण व्यवसायी मार्फत संचालन भएका आयोजना न्युन गुणस्तरको कारणले आँशिक वा पूर्ण रुपमा सञ्चालन हुन नसकेमा आवश्यक प्रवन्ध मिलाउन सहजीकरण गर्ने ।
- आयोजनाको समय समयमा अनुगमन गरी उपभोक्ता समिति वा संरक्षण समितिलाई आवश्यक सल्लाह सुझाव दिने ।
- विपद् परी आयोजना मर्मत सम्भार गर्नुपर्ने भएमा आयोजना मर्मत सम्भारको लागि आवश्यक सहयोग गर्न सहजीकरण गर्ने ।

**(३) उपभोक्ता समितिको भूमिका :**

- आयोजनाको संरक्षण, व्यवस्थापन तथा मर्मत सम्भारको लागि आवश्यक व्यवस्था मिलाउने ।
- आयोजनाको मर्मत सम्भारको लागि पुर्ण जिम्मेवार हुने ।
- मर्मत सम्भार कोष स्थापना तथा परिचालनको लागि आवश्यक व्यवस्था गर्ने ।
- उपभोक्ता समितिको क्षमताले आयोजनाको मर्मत सम्भार गर्न नसक्ने अवस्थामा मात्र आयोजना मर्मत सम्भारको लागि नगरपालिका तथा वडा कार्यालयवाट सहयोग लिने ।
- आयोजनाको प्रकृति अनुसार सम्भव भए सम्म पुर्वाधार आयोजनाको विमा गर्ने ।
- मर्मत सम्भार कोषको प्रचलित कानुन अनुसार लेखा परिक्षण गराउने ।
- पुर्वाधार आयोजना मर्मत सम्भार कार्यविधिमा भएको प्रावधान अनुसार अन्य कार्य गर्ने ।

**१३.२ आयोजना मर्मत संभार कोष तथा कार्य सञ्चालन समितिको गठन तथा परिचालन :**

पूर्वाधार आयोजनाहरुको अद्यावधिक विवरण तयार गर्न तथा पूर्वाधार आयोजनाहरुको अवस्था विश्लेषण तथा प्राथमिकीकरण गरी मर्मत सम्भार कार्यलाई व्यवस्थित गर्न, गराउन दुल्लू नगरपालिकाको मर्मत सम्भार कोष तथा कार्य संचालन कार्यविधि २०७९ को दफा ७ को उपदफा (२) अनुसार स्थानीय पूर्वाधार आयोजना मर्मत सम्भार कोष व्यवस्थापन समितिको गठन तथा परिचालन गर्नु पर्छ ।

**१३.३ स्थानीय पुर्वाधार मर्मत सम्भार सहयोग कोष सञ्चालन कार्यविधि सम्बन्धि मर्मत सम्भार समितिलाई अभिमुखिकरणः**

यसरी गठन गरियको मर्मत सम्भार समितिका सम्पुर्ण पदाधिकारीहरुलाई स्थानीय पुर्वाधार मर्मत सम्भार सहयोग कोष सञ्चालन कार्यविधि प्रभावकारी कार्यान्वयनको लागि आवश्यक अभिमुखिकरण तथा क्षमता अभिबृद्धि कार्यक्रम समेत संचालन गर्नु पर्दछ । यसरी समितिका पदाधिकारीहरुको क्षमता अभिवृद्धि गर्दा विशेषगरी तपशिलका विषयहरुलाई ध्यानमा राखी अभिमुखिकरण संचालन गर्नुपर्दछ :

(१) पूर्वाधार आयोजनाको योजना तर्जुमाको प्रारम्भिक चरणदेखि नै यस कार्यविधि बमोजिम मर्मत सम्भार सम्वन्धमा सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

(२) मर्मत सम्भार सम्वन्धी सम्झौता पत्रमा उल्लेख भएका प्रावधानहरुलाई सम्बन्धित उपभोक्ता समिति वा संरक्षण समितिहरुलाई अभिमुखीकरण गरी मर्मत सम्भार सम्वन्धी ब्यवस्थाको लागि आवश्यक पहल गर्न उपभोक्ता वा संरक्षण समितिको क्षमतामा अभिवृद्धि सम्वन्धी कार्यक्रम गर्नु पर्नेछ ।

(३) पूर्वाधार आयोजनाको मर्मत सम्भार तथा रेखदेख गर्ने कार्यका लागि आयोजनाको प्रकृति अनुसार उपभोक्ता समितिले आयोजना कार्यान्वयन हुनु पूर्व नै मर्मत सम्भार कार्यकर्ता छनौट गर्नु पर्नेछ ।

(४) छनौट भएका मर्मत सम्भार कार्यकर्ताको क्षमता विकास गर्न सम्वन्धित पूर्वाधार आयोजना सम्पन्न हुनु पूर्व प्रारम्भिक तालिमको ब्यवस्था मिलाउनु पर्नेछ ।

**१३.४ आयोजना मर्मत सम्भार समितिको काम, कर्तव्य र अधिकार :**

मर्मत सम्भार समितिको काम, कर्तव्य र अधिकार यस नगरपालिकाको स्थानीय पूर्वाधार मर्मत सम्भार कोष तथा कार्य संचालन कार्यविधि, २०७९ को दफा ७.१ अनुसार हुनेछ ।

**१३.५ आयोजना मर्मत सम्भार कोष स्थापना, परिचालन तथा भुक्तानी प्रक्रिया :**

स्थानीय पूर्वाधार मर्मत सम्भार सहयोग कोष संचालन कार्यविधि २०७९ को परिच्छेद ४ दफा १२ अनुसार आयोजना मर्मत सम्भार कोष स्थापना, परिचालन तथा भुक्तानी

## परिच्छेद-१४ : खर्चमा बन्देज

**१४. आयोजना अन्तरगत खर्च गर्न बन्देज गरिएको क्रियाकलापहरु :** स्थानीय पुर्वाधार विकास आयोजनाका लागि विनियोजित वजेटको प्रभावकारी कार्यान्वयन तथा सदुपयोगका लागि सम्वन्धित पुर्वाधार विकासका शिर्षक वाहेकका शिर्षकहरुमा खर्च गर्न पाइँदैन । यस कार्यविधीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनको लागि कोषको रकम प्रयोग गर्न पाईने छैन :

१. नियमित प्रशासनिक कार्यको लागि खर्च गर्न ।

२. कुनै सरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई नियमित रुपमा तलव, भत्ता वा अन्य सुविधा उपलव्ध गराउन ।

३. कुनै पनि किसिमको चन्दा, पुरस्कार, उपहार वा आर्थिक सहायता उपलव्ध गराउन ।

४. कुनै किसिमको गोष्ठी, अन्तरक्रिया वा सेमिनारमा भाग लिन वा संचालन गर्न तर पूर्वाधार आयोजना सम्वन्धि सीप अभिवृद्धि सम्वन्धी तालिममा सहभागी हुन लाग्ने खर्चको लागि यस वुँदाले वाधा पार्ने छैन ।

## परिच्छेद-१५ : विविध

**१५.१ लैङ्गिक समानता, समावेशीता र लाभग्राहीप्रतीको जवाफदेहिता :** नेपालको संविधानले सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् र कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगर्ने प्रतिवद्धता सहित नागरिकलाई समानताको हकको प्रत्याभूति गरेको छ । यसैगरी नेपाल महिला, बालबालिका, अपाङ्गता भएको व्यक्तिको अधिकार लगायतका अन्तर्राष्ट्रिय अभिसन्धिहरूको पक्ष राष्ट्र भएकाले लैङ्गिक समानता, महिला सशक्तिकरण र सामाजिक समावेशीकरणलाई कानूनी रूपमा स्वीकार गरी अन्तर्राष्ट्रिय प्रतिबद्धता समेत व्यक्त गरेको छ । सोहि सन्दर्भमा संविधानको मर्मलाई ध्यानमा राख्दै स्थानीय पूर्वाधार विकासमा महिला र पुरुष दुवैको मुख्य जिम्मेवारी हुने हुँदा स्थानीय पूर्वाधार योजनाहरुको तर्जुमा, कार्यान्वयन र सञ्चालनमा लैङ्गिक समानता तथा महिला, पुरुष लगायत उपेक्षित वर्गहरुको अर्थपुर्ण संलग्नता तथा संरक्षणमा विशेष ध्यान दिईनेछ । प्रथमतः आयोजनामा महिला सहभागिता बढाउने र आयोजनाको विकासमा महिलावर्गको हितलाई प्रतिविम्बित गर्ने गरी लैङ्गिक समानताको सिद्धान्तलाई अंगिकार गरिनेछ । लैङ्गिक समानता र समावेशीताको लागि निम्न कार्यनीति अवलम्वन गरिनेछ ।

- आयोजनामा महिला, पुरुष र सामाजिक रुपमा उपेक्षित बर्गबाट हुन सक्ने श्रमको किसिम, परिणाम, साधन र फाइदामा पहुँच सम्वन्धी विश्लेषण गर्ने ।
- आयोजना तर्जुमा र कार्यान्वयनमा महिला, पुरुष र सामाजिक रुपमा उपेक्षित बर्गको सहभागिता र संलग्नता बढाउने ।
- महिला, पुरुष र सामाजिक रुपमा उपेक्षित बर्गको सहभागिता अभिबृद्धि गरी आयोजनाबाट हुने फाईदाको बारेमा जनचेतना बढाउने प्रशिक्षण दिने, सुचनामा पहुँच बढाउने र सामाजिक समझदारी बढाउने खालका कार्यक्रम सञ्चालन गर्ने ।
- लैङ्गिक उत्तरदायी बजेट प्रणाली लागू गर्ने ।
- सहभागितामूलक योजना तर्जुमा प्रक्रियामा महिला तथा अन्य उपेक्षित वर्ग तथा समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।
- समावेशी तथा सहभागितात्मक योजना तर्जुमा, बजेट तर्जुमा तथा कार्यान्वयन प्रक्रियाहरू सुनिश्चित गर्ने ।
- समान कामका लागि समान ज्यालको सिद्धान्तलाई अवलम्वन गर्ने ।

त्यसैगरी लाभग्राही प्रतिको जवाफदेहितालाई प्रभावकारी वनाउदै सुशासन (व्यवस्थापन तथा संचालन), ऐन २०७४ ले निर्दिष्ट गरे अनुसार जवाफदेहिता प्रवर्द्धनका लागि देहाय बमोजिमका कार्य गर्नु पर्दछ ।

- नागरिक वडापत्रको व्यवस्था गर्ने जस्तै : फ्लेक्स, योजना सुचना वोर्ड, डिजिटल डिस्प्ले, मोवाईल एप्स आदि लाई स्थानीय र सरल भाषामा तयार गर्ने र कार्य स्थलमा नागरिकको पहुँच सहज हुने स्थानमा क्षतिपूर्ति सहितको नागरिक वडापत्र राख्ने व्यवस्था गर्ने ।
- गुनासो सुनुवाई तथा कार्यान्वयन प्रक्रियालाई प्रभावकारी वनाउने । जसका लागि सुझाव पेटिका तथा टोल फ्रि नम्वरको समेत व्यवस्था गरी समुदायलाई सो सम्वन्धि जानकारी दिने ।
- स्थानीय तहमा जनउत्तरदायित्व वृद्धि गरी सदाचार र स्वअनुशासनमा अभिवृद्धि गर्न सघाउ पुग्ने क्रियाकलाप सञ्चालन गर्ने, गर्न लगाउने । त्यसैगरी सुशासन प्रवर्द्धन समितिको व्यवस्था समेत गरी त्यस्तो समितिले तत सम्वन्धि कार्य व्यवस्था गर्ने ।
- नगरपालिकाले सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षणको कार्यान्वयन गर्ने । सार्वजनिक सुनुवाईमा लक्षित र सम्वन्धित वर्गको अनिवार्य प्रतिनिधित्व र जिम्मेवार जवाफदेहि पदाधिकारी तथा जनप्रतिनिधिको अनिवार्य उपस्थिति हुने व्यवस्था गर्ने ।

## अनुसूची-१

(दफा ५.१ को उपदफा (१,२ र ३) सँग सम्बन्धित)

## घरधुरी लेखाजोखा तथा प्राथमिकीकरण फारम

**नगारपालिकाः** | **वडा नं.:** | **टोलः** | **जम्मा घरधुरीः**

| क्र. सं. | घरमुली को नाम (हालको) | लिङ्ग | यदि घरमुली महिला भएमा (एकल/विधुवा/सम्बन्ध विच्छेद खुलाउने) | जातजाती (सरकारी वर्गिकरण अनुसार) | परिवार सदस्य संख्या | | | १६ बर्ष मुनिका बालबालिका संख्या | | | ६० बर्ष माथिका जेष्ठ नागरिक संख्या | | | गर्भवती, सुत्केरी महिला, अपांगता भएका, गम्भिर खालका रोगग्रस्त संख्या | | | | पारिवारिक आयको श्रोत | | | | | | | | | पारिवारिक आय तथा उत्पादनले बर्षभरि खाना तथा अन्य आधारभुत आवश्यकता पुरा गर्न प्रर्याप्ता (छ/छैन) | पारिवारिक आय तथा उत्पादनले खान पुग्ने महिना | जग्गाको स्वामित्व (रोपनीमा) | | | जलवायूजन्य प्रकोप जोखिमको सम्भावना (छ/छैन), छ भने कस्तो जोखिम हो, खुलाउने | खाद्य सुरक्षाका दृष्टिकोणले घरधुरीको संकटासन्नता/विपन्नता बर्गिकरण १. अति जोखिमपूर्ण २. मध्यम् जोखिमपूर्ण ३. आंशिक जोखिमपुर्ण ४. तुलनात्मक रुपमा सुरक्षित |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | पुरुष | जम्मा | केटी | केटा | जम्मा | महिला | पुरुष | जम्मा | गर्भवती | सुत्केरी (६ महिना सम्म) | अपांगता भएका (क देखी घ कुन वर्ग) | गम्भिर खाले रोग ग्रस्त | सरकारी जागिर | अन्य जागिर | व्यापार/व्यवसाय | कृषि तथा पशुपालन | जडिबुटी संकलन | वैदेशिक रोजगार (भारत) | वैदेशिक रोजगार (अन्य मुलुक) | दैनिक ज्याला/मजदुरी | अन्य | | | आफ्नो जग्गा (खेत) | आफ्नो जग्गा (पाखोबारी) | अधिया | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

# अनुसूची-२
(दफा ५.३ सँग सम्बन्धित)

## कामदार परिचय-पत्रको नमूना

**जानकारीः**

- कामदार पत्र भएका घरधुरीका सदस्यहरुले मात्र स्थानीय पूर्वाधार विकास आयोजनाको कार्यमा सहभागी हुन पाउनेछन् ।
- कामदार परिचय पत्रमा उल्लेख भएको घरपरिवारबाट १ सदस्य मात्र कुनै दिनको काममा सहभागी हुन पाउनेछन् ।
- उपभोक्ता समितिबाट निर्माण हुने स्थानीय पूर्वाधार विकास आयोजनाको निर्माण कार्यहरु मेसिनको प्रयोगबाट नभई श्रमको प्रयोगबाट मात्र हुनेछन् ।
- समान प्रकारको कार्यका लागि महिला तथा पुरुषको ज्याला समान हुनेछ ।
- ज्यालाको भुक्तानी कामको परिमाणका आधारमा नाप जाँच गरि हुनेछ ।
- हरेक कामदारले आफ्नो पायक पर्ने नजिकको बैंकमा खाता खोली सो को जानकारी नगरँपालिका पूर्वाधार शाखालाई दिनु पर्नेछ ।
- कामदारको ज्याला रकम भुक्तानी बैंक मार्फत हुनेछ ।
- यो कामदार परिचय पत्र मिति..................देखि...................सम्मका लागि स्थानीय पूर्वाधार विकास आयोजनाको कार्यमा मात्र प्रयोग हुनेछ ।

**कामदार परिचय-पत्र नम्वरः**

**दुल्लू नगरपालिका, दैलेख**

**स्थानीय पूर्वाधार विकास आयोजना संचालन कार्यविधि, २०७९ अन्तरगत**

**कामदार परिचय-पत्र**

*कामदारको पासपोर्ट साईजको फोटो*

..........................

प्रमाणित गर्ने अधिकारीको हस्ताक्षर तथा कार्यालयको छाप

यो कार्ड हराएमा वा नासिएमा कामदार वा निजको परिवारका सदस्यले तुरुन्त नगरपालिका पूर्वाधार विकास शाखामा जानकारी दिनुपर्नेछ ।

कामदार परिचय पत्र नम्वरः

| कामदार परिचय पत्रको अवधि<br>.......................देखि........................सम्म | |
|---|---|
| **घरधुरी प्रनिनिधिको नामः** | |
| **बुबा/आमाको नामः** | |
| **नागरिकता प्रमाण/मतदाता परिचय पत्र/गरिव घरधुरी प्राथमिकीकरण परिचय पत्र नंः** | |
| **जन्म मितिः** | |
| **लिङ्गः** | |
| **ठेगानाः** | |
| **पालिकाः** | |
| **वडा नम्वरः** | |

**कामका लागि योग्य घरधुरी सदस्यहरुको विवरण**

| क्र.सं. | नाम | लिङ्ग म./पु. | जन्म मिति (वर्ष/महिना/दिन) | नागरिकता प्रमाण/मतदाता परिचय पत्र/गरिव घरधुरी प्राथमिकीकरण परिचय पत्र नं. |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

**साप्ताहिक हाजिरी रेकर्ड:(**

| मिति देखि (साल /महिना/ दिन) | मिति सम्म (साल /महिना/ दिन) | जम्मा हाजिरी दिन | सुपरभाईजरको हस्ताक्षर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**निर्माण कार्यक्षेत्रमा लागू हुने नियमहरुः(**

- प्रत्येक दिन अनिवार्यरुपमा ८ घण्टा काम गर्नुपर्नेछ ।
- कामको हाजिरी दिनको १ पटक काममा आएपछि लिईनेछ । साथै, हाजिरी गर्ने बेलामा कामदारले कामदार-पत्र अनिवार्यरुपमा देखाउनु पर्नेछ । सो पत्र नदेखाएमा काममा सहभागी गराईने छैन ।
- निर्माण कार्यक्षेत्रमा जाँड रक्सि, चुरोट खैनी खान पूर्ण रुपमा निषेध छ ।
- औजारलाई राम्रोसंग सुरक्षित प्रयोग गर्नुपर्नेछ । साथै उक्त औजारलाई प्रत्येक दिन काम सकेपछि सम्वन्धित समूह नेतालाई बुझाउनुपर्नेछ । कुनै सामान हराएमा वा नासिएमा समुहको नेता जिम्मेवार हुनुपर्नेछ ।
- आयोजनाको गुणस्तर कायम राख्न नगरपालिका पूर्वाधार शाखाका कर्मचारीहरुको सल्लाहा सुझाब तथा निर्देशनहरुलाई अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।
- आधा दिनको कार्यगर्ने कामदारको हकमा आधा दिनको हाजिरी मात्र जोडिनेछ ।
- काम नगरेको खण्डमा कुनै ज्यालाको भुक्तानी हुने छैन ।

**अनुसूची-३**

(दफा ३.५ सँग सम्बन्धित)

**उपभोक्ता समिति र नगरपालिका वीच को सम्झौता-पत्रको नमुना**

## आयोजना सम्झौता फारामको ढाँचा

दुल्लू नगरपालिकाको कार्यालय (यसपछि प्रथम पक्ष भनिने) र उपभोक्ता वा आयोजना कार्यान्वयन समिति (यसपछि दोस्रो पक्ष भनिने) का बीच स्थानिय पुर्वाधार सहयोग कार्यक्रम अन्तरगत .......आयोजना कार्यान्वयनका लागि देहाय बमोजिमको शर्त पालना गर्ने गरी यो सम्झौतापत्रमा हस्ताक्षर गरी एक एक प्रति लियौ, दियौ ।

**सम्झौता-पत्र**

***आयोजनाको नामः*** .......................................................................................................................

***ठेगानाः***...........................................................................................

**१. सम्झौता गर्ने पक्ष र आयोजना**

क. आयोजना कार्यान्वयन समितिबाट सम्झौता गर्ने आधिकारिक प्रतिनिधि

१. नाम :

२. पद :

३. ठेगाना :

ख. आयोजनाको विवरण :

१. नाम :

२. ठेगाना :

३. उद्देश्य :

४. आयोजना स्वीकृत गर्ने निकाय :

५. आयोजना शुरु हुने मिति :

६. आयोजना सम्पन्न हुने मिति :

**२. आयोजनाको लागत सम्बन्धी विवरण**

क. लागत अनुमान रु.

ख. लागत व्यहोर्ने श्रोतहरु

१. नगरपालिका, नगरपालिकाबाट : रु. ..........................

२. समुदायमा आधारित संस्थाबाट : रु. ..........................

३. बिदेशी दातृ संघ संस्थाहरुबाट : रु. ..........................

४. आयोजना कार्यान्वयन समितिबाट : रु. ...........................

५. गैर सरकारी संघ संस्थाबाट : रु. ..........................

६. अन्यबाट : रु. ..........................

ग. निर्माण सामाग्रीको विवरण

१. जम्मा : रु. ..........................

२. परिमाण :

३. सामाग्रीको नाम :

४. स्रोत

१. नगरपालिकाबाट :

२. गैर सरकारी संघ संसथाबाट :

४. सामुदायिक संस्थाबाट :

४. विदेशी दातृ संघ संस्थाबाट :

५. आयोजना कार्यान्वयन समितिबाट :

६. अन्यबाट :

घ. आयोजनाबाट लाभान्वित हुने

१. घरपरिवार संख्या :

२. जनसंख्या :

३. समुदाय :

४. दलित/जनजाति :

५. अन्य :

**३. उपभोक्ता वा आयोजना कार्यान्वयन समिति सम्बन्धी विवरण**

क. गठन भएको मिति :

ख. पदाधिकारीको नाम र ठेगाना :

| क्र.सं. | पद | नाम, थर | ठेगाना | नागरिकता नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | अध्यक्ष | | | | |
| २ | सचिव | | | | |
| ३ | कोषाध्यक्ष | | | | |
| ४ | सदस्य | | | | |
| ५ | सदस्य | | | | |
| ६ | सदस्य | | | | |
| ७ | सदस्य | | | | |

ग. आयोजना स्थलको लाभान्वित जनसंख्या :

घ. गठन गर्दा उपस्थित लाभान्वितको संख्या :

**४. आयोजना संचालन सम्बन्धी अनुभव :**

**५. आयोजनाको मर्मत सम्भारका लागि व्यहोर्ने व्यवस्था**
**(मासिक, चौमासिक, वार्षिक)**

क. मर्मत संभारको जिम्मा लिने समितिको नाम :

ख. जन-श्रमदान (श्रम शक्ति संख्या) :

ग. सेवा- शुल्कबाट : रु. ..........................:

घ. दस्तुर, चन्दाबाट : रु. ..........................

ङ लागत सहभागिता वा अनुदानबाट : रु. ..........................

च. ब्याज वा अन्य बचत : रु. ..........................

**६. अन्य प्राविधिक र व्यवस्थापन सम्बन्धी विवरण**

क.

ख.

ग.

**७. सम्झौताका शर्तहरु**

**७.१. उपभोक्ता समिति**

- योजना सन्चालनको लागि सम्वन्धित निकायसँग योजनाको सम्झौता गर्ने
- योजना सन्चालनमा आवश्यक जनसहभागिता जुटाउने ।

- सम्झौताको शर्त तथा महत्व बारे उपभोक्ताहरुलाई जानकारी गराउने ।
- अन्य निकायसँग करारनामा गर्नुपर्ने योजनाको हकमा उपभोक्ताहरुको भोग चलन हक सुनिश्चित गर्न सम्वन्धित निकाय सँग कम्तिमा ५ वर्षको करारनामा गरिलिने ।
- औजार निर्माण सामाग्रीको समुचित भण्डारण र व्यवस्थापन गर्ने ।
- आवश्यकता अनुसार कामदार एवं निर्माण सामाग्रीहरुको कार्ययोजना बनाई काममा लगाउने ।
- योजना कार्यन्वयनको क्रममा आएका समस्याहरु आपसमा छलफल गरी समाधान गर्ने ।
- सम्पन्न भएको कामको नापी एवं रकम तथा निर्माण सामाग्रीहरुको आम्दानी खर्च मौज्दातको अभिलेख राख्ने ।
- सम्पन्न योजनाहरुको हस्तान्तरण भएपछि सन्चालन तथा मर्मत सम्भारको लागि व्यवस्था मिलाउने ।
- उपभोक्ता समितिका पदाधिकारीहरुले योजनाको काममा संलग्न भएको श्रमिकको विवरण दैनिक हाजिरी योजना खातामा अभिलेख राख्ने ।
- उपभोक्ता समितिको खातामा जम्मा भएको रकम श्रोत खुलाई योजना खातामा अद्यावधिक गर्ने ।
- आगन्तुकहरु तथा उनीहरुबाट प्राप्त सुझावहरुको अभिलेख राख्ने र कार्यन्वयनमा ध्यान दिने ।
- सम्वन्धित प्राविधिकहरुलाई योजनाको विभिन्न पक्षहरुको बारेमा अबगत गराउने र अनुगमनका लागि ताकेता गर्ने
- नियमित रुपमा अद्यावधिक प्रगति प्रतिवेदन तयार गरी नगरपालिकामा पठाउने ।
- उपभोक्ता समितिको वैठक बोलाई नियमित रुपमा योजनाको समिक्षा गर्ने तथा खर्च सार्वजनिक गर्ने । यस्तो वैठकमा ५०% भन्दा बढी उपभोक्ताहरुको साथै सम्वन्धीत वडाका जनप्रतिनिधिहरु सरकारी गैर सरकारी संस्थाका प्रतिनिधिहरु समेतको सहभागिता गराउने । सो वैठकले योजनाको प्रगती मूल्याङकन, खर्च अनुमोदन गरिसकेपछि थप निकासा माग गर्ने ।
- निर्माण कार्य सम्पन्न गरी समयमै नगरपालिका सँग योजनाको हिसाव फछ्यौट र फरफारक गर्ने ।
- योजनाको नाम, स्थान, कुल लागत, लाभान्वित संख्या, सुरु मिति, सम्पन्न मिति, उ.स.अध्यक्षको विवरण खुल्ने सुचना पार्टी, योजना कार्यान्वयन सम्वन्धित योजना स्थलमा राख्ने ।
- योजना फरफारक गर्दा निर्माण पूर्वको अवस्था निर्माणाधिन अवस्था र निर्माण सम्पन्न अवस्था देखिने प्रष्ट फोटोहरु संलग्न गर्नु पर्ने छ ।
- आयोजनामा काम गर्नकालागि प्रधानमन्त्रि रोजगार कार्यक्रम अर्न्तगत सुचिकृत भएका वेरोजगारहरु, राष्ट्रिय भूमि आयोगले प्रकाशन गरेको गरिव घरपरिवारको सूचि तथा वडावाट गरिव तथा विपन्न भनि सिफारिस गरेका नामावलिलाइ लाभग्राहिका रुपमा प्रयोग गर्ने ।
- प्राप्त निर्माण सामाग्रीहरुको गुणस्तर तथा परिमाणमको सुनिष्चितता गर्ने ।
- योजना सम्पन्न भएपछि स्थानीयतहबाट जाँच पास गरी फरफारकको प्रमाण पत्र लिनुपर्दछ । साथै योजना हस्तान्तरण लिई आवश्यक मर्मत संभारको व्यवस्था सम्वन्धित उपभोक्ताहरुले नै गर्नुपर्नेछ ।
- हाते औजार तथा सुरक्षा सामाग्रीहरु कार्य सम्पन्न भएपछि जे जस्तो अवस्थामा छन् सोही अनुसार वडा वा नगरपालिकामा दाखिला गर्नुपर्नेछ ।
- कार्यस्थलमा महिलामाथि र्दुव्यवहार गर्न, अपमान गर्ने, वालवालिका तथा ज्येष्ठ नागरिकलाई काममा लगाउन पाइने छैन ।
- आयोजना मिति ...............................देखि शुरु गरी मिति........................सम्ममा पुरा गर्नु पर्नेछ ।

### ७.२ नगरपालिका

- उपभोक्ता समितिलाई आवश्यकता अनुसार प्राविधिक सहयोग उपलब्ध गराउने ।
- नगरसभामा कार्यक्रमबारे आवश्यक जानकारी गराउने ।
- आन्तरिक लेखापरीक्षणको ब्यवस्था गर्ने ।
- सहभागितात्मक अनुगमन मूल्याङकनको लागि सहयोग गर्ने ।
- लेखा परीक्षणबाट देखिएका अनियमितालाई नियमित गराउन आवश्यक पहल गर्ने ।
- सार्वजनिक परीक्षणमा भाग लिन मद्दत पु-याउने ।
- योजनाको प्राविधिक मूल्याङकन गर्ने गराउने ।

- नपा तथा वडाका कर्मचारी, उपभोक्ता समिति, स्थानीय समुदायको लागि योजना छनौट तथा प्राथमिकीकरण, कार्यान्वयन, मर्मत सम्भार जस्ता विषयमा तालिम प्रदान गर्ने गराउने ।
- सम्पन्न योजनाहरुको उचित मर्मत संभारको लागि कोष तथा व्यवस्थापन पक्षमा सहयोग गर्ने ।
- पारदर्शी रुपमा योजना तर्जुमा तथा प्राथमिकीकरण गरेको विवरण जानकारी गराउने ।
- बढी पारदर्शी तथा सहभागितात्मक प्रकियाबाट उपभोक्ता समिति गठन गर्न गराउन सहयोग गर्ने ।
- सम्झौतामा उल्लेख भएको म्याद भित्र उपभोक्ता समितिले आयोजना सम्पन्न गरिसक्नु पर्ने छ । कुनै कारणवश योजना सम्पन्न हुन नसकेमा सम्पन्न हुन नसक्नाको औचित्यको आधारमा सम्झौताको म्याद थप गर्न सक्नेछ ।
- योजनामा आवश्यक प्राविधिक सहयोग  नगरपालिकाबाट उपलब्ध गराईनेछ ।
- योजनाको नक्सा र लागत अनुमान विवरण नेपालीमा तयार गरी यसै साथ संलग्न गरिएकोछ ।
- उपभोक्ता समितिले आयोजना सँग सम्वन्धित विल, भर्पाइ, डोरहाजिरी फारम, जिन्सि नगदी खाताहरु, निर्णय पुस्तिका आदि कागजात नगरपालिका वा अन्य सरोकारवाला पदाधिकारीहरुले मागेको बखत उपलब्ध गराउनु पर्ने छ । त्यसको लेखापरिक्षण पनि गराउन सकिने छ ।
- प्राविधिक टोलीको नाप जाँच तथा डोर हाजिरीका आधारमा काम गरेवापतको पारिश्रमिक कामदारको वैंक खातामा सिधै भूक्तानी गरिनेछ ।
- आयोजनासंग सम्बन्धित जिन्सी सामाग्रीहरुको दुरुपयोग, हिनामिना वा हानी नोक्सानी गरेमा प्रचलित नियम अनुसार उक्त सामाग्री वरावरको रकम कट्टी गरि पालिकाले भुक्तानी गर्नेछ ।
- स्थानीय निर्माण सामग्री वाहेकका वाह्य निर्माण सामाग्रीहरु नगरपालिकाले खरिद गरि समितिलाई उपलब्ध गराउने छ ।
- स्थानीय सामाग्रीहरु जस्तै ढुङ्गा, वालुवा, गिट्टी आदि उपभोक्ता समितिले आफै संकलन गर्नुपर्नेछ । उक्त सामाग्रीहरुको लागत अनुमान अनुसार पालिकाले सोझै भुक्तानी गर्नेछ ।
- कामदारहरुको सामुहिक दुर्घटना विमा नगपालिकाले गर्नेछ ।
- अन्य कुरा स्थानीय सरकार संचालन ऐन २०७४, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, दुल्लू नगरपालिकाको आर्थिक ऐन, एवं प्रचलित ऐन बमोजिम हुनेछ ।

**माथि उल्लेख भए बमोजिमका शर्तहरू पालना गर्न हामी निम्न पक्षहरू मन्जुर गर्दछौं**

| **उपभोक्ता समितिको तर्फबाटः** | **रोहवरमा वस्नेको** | **दुल्लू नगर कार्यपालिकाको तर्फबाटः** |
|---|---|---|
| दस्तखत : ...................... | दस्तखत.................... | दस्तखत : .................... |
| नाम, थर : .................. | नाम, थर : .............. | नाम, थर : ..................... |
| पद : अध्यक्षः | पद : अध्यक्ष | पदः प्रमुख प्रशासकीय अधिकृत |
| ठेगाना : ................. | ठेगाना : ..................... | ठेगाना : ..................... |
| मिति : ......................... | मिति : ......................... | मिति : ...................... |
| छापः | छापः | छापः |

<u>साक्षी/रोहवर</u>

१)प्राविधिक/ईन्जीनियर श्री
२) योजना शाखा प्रमुख श्री
३) उपभोक्ता समितिको सचिव श्री
४) उपभोक्ता समितिको कोषध्यक्ष श्री

**अनुसूची-४**

(दफा ११.२ सँग सम्बन्धित)

**आयोजना सूचना पाटीको नमुना**

# ......................................आयोजना

# आयोजना सुचना पाटी

आयोजनाको नाम :

ठेगाना :

आयोजनाको कुल लागत रु.

दक्ष ज्यामी ज्याला रु.

अदक्ष ज्यामी ज्याला रु.

गैर सामाग्री खरीद रु.

आयोजना व्यवस्थापन खर्च रु.

निर्माण औजार खरीद रु.

समुदायको श्रमदान रु.

लाभान्वित घरधुरी संख्या :

सिंचित हुने जग्गा हेक्टरमा :

आयोजना सुरु हुने मिति :

आयोजना सम्पन्न हुने मिति :

आयोजनामा हुने मुख्य क्रियाकलापहरु

१)लाईनिङ्ग क्यानल (मि):

२)स्ल्याब क्यानल (मि):

३) अर्थेन क्यानल (मि):

**थप जानकारीका लागि**

**अनुसूची-५**

(दफा ६.१ को उपदफा (११) सँग सम्बन्धित)

**उपभोक्ता समितिको अभिलेख फारम**

**आ.व.**

| क.सं. | उपभोक्ता समितिको नाम र ठेगाना | पदाधिकारीको नाम र सम्पर्क नं. | | | | गठन मिति | बैंकको नाम | खाता नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**अनुसूची-६**

(दफा १२.५ सँग सम्बन्धित)

**नगरपालिका स्तरीय पूर्वाधार विकास सम्बन्धी योजनाको निर्माण कार्य सम्पन्न भएपछिको अनुगमनमा प्रयोग गरिने ढाँचा/चेकलिस्ट**

**क. अनुगमनकर्ताको व्यक्तिगत विवरण :**

अनुगमनकर्ताको नामः ........................................................ पदः ..............................................

कार्यालयः ...................................................................... अनुगमनको मितिः ...............................

आयोजनाको नामः ............................................................ आयोजनाको ठेगानाः ............................

आयोजना शुरू गर्ने मितिः ................................................... सम्पन्न गर्ने मितिः ............................

**क. सामाजिक पक्ष**

१. आयोजनाको छनोट कसरी गरिएको थियो ?

क) सहभागितामूलक योजना तर्जुमा प्रकृया ख) विकास साझेदारबाट ग) थाहा छैन घ) अन्य ....................

२. आयोजना छनोट गर्दा को को सहभागी भएका थिए ?

क) जनप्रतिनिधि ख) कर्मचारी ग) महिला/आमा समुह घ) दलित/जनजाति

ङ) अपाङ्गता भएका व्यक्तिहरू च) स्थानीय समाजसेवी/बुद्धिजिवी छ) अन्य .........................................

३. आयोजना छनोटको क्रममा कुनै मतभेद वा विवाद भएको थियो ?

क) थियो ख) थिएन

यदि भएको थियो भने उल्लेख गर्नुहोस्

.................................................................................................................................................

...........................................................................................

४. आयोजनाको कार्यान्वयन के कस्तो गतिमा भइरहेको छ?

क) समयसिमा अनुसार ख) समयसिमा भन्दा पछाडि ग) थाहा छैन

५. के यो योजना नगरपालिका/नगरपालिकाको वार्षिक योजना पुस्तिकामा समावेश भएको छ?

क) छ ख) छैन ग) थाहा छैन

६. के यो योजना तपाँइहरूको आवश्यकतामा आधारित छ ?

क) छ ख) छैन ग) थाहा छैन

७. यो आयोजना कस्तो प्रकृतिको हो?

क) क्रमागत ख) वार्षिक ग) मर्मत संभार घ) अन्य

८. सङ्कटासन्न समुदायहरूको पहिचान भएको थियो?

क) थियो ख) थिएन ग) थाहा छैन

९. यो आयोजनाबाट प्रत्यक्षरुपमा कुनकुन सङ्कटासन्न समुदाय तथा जातजाती लाभान्वित हुन्छन् ?

.................................................................................................................................................

...............................................................................................................................

१०. यस आयोजना संचालनको क्रममा प्रभावित वा हानी हुनसक्ने व्यक्ति, समुदाय तथा क्षेत्रहरू के के हुन्?

.................................................................................................................................................

...............................................................................................................................

११. आयोजनाको कामदारहरु छनोट कसरी गरियो ?

.................................................................................................................................................

...............................................................................................................................

१२. आयोजनामा संलग्न कामदारको विवरण:

क) लिङ्ग: (महिला: पुरूष: अन्य: )

ख) जातजाती: (ब्राम्हण/ क्षेत्री: दलित: जनजाति: मधेशी: अन्य: )

ग) उमेरगत: (१८ वर्षमुनि: १८ देखि ५९ वर्षसम्म: ६० वर्ष माथि: )

घ) अन्य: (अपाङ्गता भएका व्यक्ति: गभर्वती तथा सुत्केरी: एकल महिला:

१३. उपभोक्ता समिति गठन सहभागितामूलक ढंगबाट भएको थियो ?

क) थियो ख) थिएन ग) थाहा छैन

यदि थियो भने को को सहभागि भएका थिए, उल्लेख गर्नुहोस्

..........................................................................................................................................................

..........................................................................................................................

१४. उपभोक्ता समितिमा संलग्न व्यक्तिहरूको विवरण:

क) लिङ्ग: (महिला: पुरूष: अन्य: )

ख) जातजाती: (ब्राम्हण/ क्षेत्री: दलित: जनजाति: मधेशी: अन्य: )

ग) उमेरगत: (१८ वर्षमुनि: १८ देखि ५९ वर्षसम्म: ६० वर्ष माथि: )

घ) अन्य: (अपाङ्गता भएका व्यक्ति: गभर्वती तथा सुत्केरी: एकल महिला:

१५. उपभोक्ता समितिको निर्णायक भुमिकामा महिलाको सहभागीता छ?

क) छ ख) छैन ग) थाहा छैन

यदि छ भने त्यस्ता महिलाको संख्या कति छ? ......................................................

१६. आयोजना संचालनमा अपनाइएका सुरक्षाका उपायहरू

क) कामदारको दुर्घटना विमा ख) संरचनाको वीमा ग) अन्य: ........................

१७. आयोजना संचालन गर्दा व्यक्तिगत सुरक्षा सामाग्री उपलब्ध गराइएको थियो?

क) थियो ख) थिएन ग) थाहा छैन

यदि उपलब्ध गराइएको थियो भने के के थियो ?

क) हेल्मेट ख) जुत्ता ग) चस्मा घ) पन्जा ङ) मास्क च) टल्किने पातलो ज्याकेट

छ) सेफ्टी वेल्ट ज) प्राथमिक उपचार बाकस झ) अन्य: .........................................

१८. आयोजना स्थलमा शिशु स्याहारको व्यवस्था छ/ थियो?

क) थियो ख) थिएन ग) आवश्यक्ता थिएन घ) थाहा छैन

१९. आयोजना स्थलमा स्वच्छ पिउने पानीको व्यवस्था थियो?

क) थियो ख) थिएन ग) थाहा छैन

२०. आयोजना स्थलमा महिला पुरूषको लागि छुट्टै शौचालयको व्यवस्था थियो?

क) थियो ख) थिएन ग) थाहा छैन

२१. आयोजना स्थलमा काम गर्ने क्रममा लैङ्गिक हिंसालाई प्रोत्साहन हुने किसिमका गतिविधिहरू भएको थियो?

क) थियो ख) थिएन ग) थाहा छैन

यदि थियो भने के कस्तो गतिविधि भएको थियो?

..........................................................................................................................................................

..............................................................................................

२२. लैङ्गिक हिंसाजन्य क्रियाकलाप हुँदा कसलाई गुनासो गर्ने भन्ने बारेमा थाहा छ?

क) छ ख) छैन ग) थाहा छैन

**ग. प्राविधिक पक्ष:**

२३. आयोजनाको संभाव्यता अध्ययन गरिएको थियो ?

क) थियो ख) थिएन ग) थाहा छैन

यदि थियो भने पूर्व संभाव्यता अध्ययन र सर्वेक्षण गर्दा लाभग्राहीसँग छलफल गरिएको थियो?

क) थियो ख) थिएन ग) थाहा छैन

२४. सर्वेक्षणमा छलफल भए अनुसारका कुराहरूलाई लागत अनुमान र नक्सामा समावेश भएको थियो?

क) थियो ख) थिएन ग) थाहा छैन

२५. आयोजनाको सर्वेक्षण गरिएको थियो ?

क) थियो ख) थिएन ग) थाहा छैन

२६. आयोजना विस्तृत लागत अनुमान तथा डिजाइन गरेको छ ?

क) छ ख) छैन ग) थाहा छैन

२७. आयोजनाको लागत अनुमान तथा डिजाइन निर्माण स्थलमा उपलब्ध छ ?

क) छ ख) छैन ग) थाहा छैन

२८. विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गरिएको छ ?

क) छ ख) छैन ग) थाहा छैन

२९. आयोजनाको संचालन पुर्व वातावरणिय तथा सामाजिक जोखिमको असर पहिचान गरिएको थियो?

क) थियो ख) थिएन ग) थाहा छैन

यदि थियो भने के के पहिचान गरिएको थियो?

..........................................................................................................................................

..........................................................................................

३०. आयोजना संचालनको क्रममा त्यस्ता जोखिमको न्युनिकरण गर्न के कस्ता उपायहरू अपनाइएका थिए?

..........................................................................................................................................

..........................................................................................

३१. यस आयोजनाको कुल रकमको बारेमा जानकारी छ?

क) छ ख) छैन ग) थाहा छैन

यदि छ भने कति हो ? रू.................................

३२. यस आयोजनामा कुनै विकास साझेदारसँग लागत साझेदारी गरिएको छ?

क) छ ख) छैन ग) थाहा छैन

यदि छ भने कोसँग गरिएको हो ?

..........................................................................................................................................

................................................................................................

कति रकम बराबरको साझेदारी गरिएको हो? रू.................................

३३. आयोजनाको रकमको व्यवस्थापन कसरी गर्नु भएको छ ?

क) बैङ्क खाता ख) नगद ग) अन्यः .........................

३४. आयोजनाको बैङ्क खाता संचालनमा हस्ताक्षर कसले गर्नु हुन्छ ?

क) अध्यक्ष ख) सचिव ग) कोषाध्यक्ष घ) अन्यः.................

३५. आयोजनाको विस्तृत अभिमुखिकरण गरिएको छ ?

क) छ ख) छैन ग) थाहा छैन

३६. आयोजनाको निर्माण पुर्वको तालिम संचालन गरिएको छ ?

क) छ ख) छैन ग) थाहा छैन

३७. आयोजनाको निर्माण पश्चातको तालिम संचालन गरिएको छ ?

क) छ ख) छैन ग) थाहा छैन

३८. नगरपालिकाले मर्मत संभार कोषको व्यवस्थापन गरेको छ?

क) छ ख) छैन ग) थाहा छैन

३९. आयोजनाको मर्मत संभार समिति गठन गरिएको छ ?

क) छ ख) छैन ग) थाहा छैन

यदि छ भने उक्त समितिमा संलग्न व्यक्तिहरूको विवरण:

क) लिङ्गः (महिलाः पुरूषः अन्यः )

ख) जातजाती: (ब्राम्हण/ क्षेत्री: दलित: जनजाति: मधेशी: अन्य: )

ग) उमेरगत: (१८ वर्षमुनि: १८ देखि ५९ वर्षसम्म: ६० वर्ष माथि: )

घ) अन्य: (अपाङ्गता भएका व्यक्ति: गभर्वती तथा सुत्केरी: एकल महिला:

४०. आयोजनाको मर्मत संभार समिति सक्रिय छ ?

क) छ ख) छैन ग) थाहा छैन

यदि सक्रिय छैन भने कारण खुलाउनुहोस

....................................................................................................................................

४१. आयोजनाको मर्मत संभार कोषको व्यवस्थापन गरिएको छ?

क) छ ख) छैन ग) थाहा छैन

यदि छ भने कति रूपैयाँ छ ? रु....................................

४२. आयोजनाको मर्मत संभार समितिको कोष व्यवस्थापन कसरी गरिएको छ ?

क) बैङ्क खाता ख) नगद ग) अन्य: .........................

४३. आयोजनाको मर्मत संभार समितिको कोषको बैङ्क खाता संचालनमा हस्ताक्षर कसले गर्नु हुन्छ ?

क) प्रमुख ख) सचिव ग) कोषाध्यक्ष घ) अन्य:.................

**घ. आयोजनाको निर्माण व्यवस्थापन तथा सार्वजनिक जवाफदेहिता:**

४४. आयोजना स्थलमा सुचना पार्टी सबैले देखिने गरेर राखिएको छ ?

क) छ ख) छैन ग) थाहा छैन

४५. आयोजनाको विस्तृत विवरण अभिलेख गर्न आयोजना पुस्तिकाको व्यवस्था गरिएको छ?

क) छ ख) छैन ग) थाहा छैन

यदि छ भने आयोजना पुस्तिका विस्तृत रूपमा भरेको छ?

क) छ ख) छैन ग) थाहा छैन

४६. कामदारको हाजिर चुस्त दुरूस्त राखिएको छ ?

क) छ ख) छैन ग) थाहा छैन

४७. समुह विभाजन गरेर निर्माण कार्य संचालन भएको छ ?

क) छ ख) छैन ग) थाहा छैन

४८. प्रत्येक दिन काम गर्ने समय कति घण्टा हो ?

......................... घण्टा

४९. तपाइले पाउने दैनिक पारिश्रमिक बारेमा थाहा छ ?

क) छ ख) छैन ग) थाहा छैन

यदि छ भने दैनिक कति रूपैयाँ ? रु.................................

५०. आयोजनाको वा निर्माणकार्यको आवधिक समिक्षा हुने गरेको छ ?

क) छ ख) छैन ग) थाहा छैन

यदि छ भने कति पटक भएको छ ? ................ पटक

५१. आयोजना संचालनको लागि पेश्की उपलब्ध भएको थियो ?

क) थियो ख) थिएन ग) थाहा छैन

यदि थियो भने कहिले र कति रकम उपलब्ध भएको थियो ?

कहिले......................................................कति रकम................................................

५२. आयोजना सम्पन्न भएको कति समयपछि पूर्ण भुक्तानी भएको थियो?

..............................................................................

५३. आयोजनामा प्रयोग गरिने बाह्य निर्माण सामाग्रीको खरिद कसले गरेको थियो?

.........................................................................................................................................

...................................................................

५४. आयोजनामा प्रयोग गरिने बाह्य सामाग्रीको खरिद कसरी गरेको थियो?

क) टेन्डर ख) दरभाउपत्र आव्हान ग) सिधै फर्म वा पसलबाट घ) अन्यः.......................

५५. के के बाह्य सामाग्रीहरू खरिद गरिएको थियो?

..............................................................................................................................................

.................................................................

५६. लागत अनुमानमा उल्लेख भए अनुसार निर्माणको सामाग्रीहरू उपलब्ध भएको थियो?

क) थियो ख) थिएन ग) थाहा छैन

यदि उपलब्ध थिएन भने किन?

..............................................................................................................................................

.........................................................................

५७. लागत अनुमानमा उल्लेख भए अनुसार संरचना निर्माणको क्रममा सामाग्रीहरूको प्रयोग भएको थियो?

क) थियो ख) थिएन ग) थाहा छैन

यदि थिएन भने किन?

..............................................................................................................................................

...................................................................

५८. आयोजनाको नाप जाँच गरि विल तयार गरिएको छ ?

क) छ ख) छैन ग) थाहा छैन

यदि छ भने कहिले तयार गरिएको थियो ?

....................................................................................................................................

५९. आयोजनामा संलग्न कामदारको पारिश्रमिक भुक्तानी सम्पन्न भयो ?

क) भयो ख) भएको छैन ग) थाहा छैन

यदि सम्पन्न भएको भए कति किस्तामा भुक्तानी भएको थियो ?

.......................................................................

यदि भएको भए कसरी भुक्तानी गरियो ?

क) बैङ्क ख)नगद अन्य

६०. तपाँइले प्राप्त गर्नुभएको पारिश्रमिक प्रति सन्तुष्ट हुनुहुन्छ ?

क) छु ख) छैन

यदि सन्तुष्ट हुनुहुन्न भने किन ?

..............................................................................................................................................

........................................................................

६१. आयोजनाको सार्वजनिक लेखापरिक्षण हुने गरेको छ ?

क) छ ख) छैन ग) थाहा छैन

६२. आयोजना वा निर्माणकार्य सम्पन्न पश्चात सार्वजनिक सुनुवाई हुने गरेको छ ?

क) छ ख) छैन ग) थाहा छैन

६३. आयोजनाको संचालनको क्रममा कर्मचारीहरू (प्राविधिक) नियमितरुपमा आयोजना स्थलमा उपलब्ध थिए ?

क) थिए ख) थिएनन् ग) थाहा छैन

यदि थिए भने महिनामा कति दिन उपलब्ध थिए ? .................................. दिन

६४. आयोजनाको संचालन गर्दा कामको रेखाङ्कन (लेआउट) कसले गरिदियो?

..............................................................................................................................................

.......................................................................................

६५. सरोकारवाला निकाय मार्फत आयोजनाको अनुगमन तथा सुपरिवेक्षण गरिएको थियो ?

क) थियो ख) थिएन ग) थाहा छैन

यदि अनुगमन तथा सुपरिवेक्षण भएको थियो भने कति पटक र कुन निकाय वा व्यक्ति बाट भएको थियो?

..............................................................................................................................................

........................................................................................

६६. आयोजना संचालनको क्रममा भएका गुनासो, सल्लाह सुझावहरूको बारेमा जानकारी दिने संयन्त्रको बारेमा जानकारी छ?

क) छ ख) छैन ग) थाहा छैन

यदि थाहा छ भने यसको प्रयोग गर्नु भएको थियो?

क) थिएँ ख) थिएन ग) आवश्कता परेन

यदि थियो भने के का लागि प्रयोग गर्नु भएको थियो?

..........................................................................................................................................................

..

६७. तपाईको गुनासो सुनुवाई भयो?

क) भयो ख) भएन

६८. यो आयोजना पानीको बहुउपयोगी प्रणालीसँग सम्वन्धित छ?

क) छ ख) छैन ग) थाहा छैन

यदि छ भने के के मा प्रयोग भएको छ ?

..........................................................................................................................................................

............................................................................................................

६९. आयोजनाले कृषियोग्य जमिनको दिगो उपयोग तथा जैविक विविधता संरक्षणमा टेवा पुऱ्याएको छ ?

क) छ ख) छैन ग) थाहा छैन

७०. यो आयोजना स्थानीय अनुकूलन कार्ययोजना (LAPA) ले तर्जुमा गरेको क्रियाकलाप भित्र पर्छ?

क) पर्छ ख) पर्दैन ग) थाहा छैन

७१. के यो आयोजना जलवायुमैत्री प्रविधिहरुको प्रयोग तथा जलवायु परिवर्तनका असरहरु अनुकूलन/न्यूनिकरण सँग सम्वन्धित छ?

क) छ ख) छैन ग) थाहा छैन

७२. के यो आयोजनाले पानिको मुहान संरक्षण, वर्षा/हिँउपानी संकलन तथा वायोइन्जिनिएरिङ्का माध्यामबाट माटो तथा पानीको संरक्षणमा टेवा पुऱ्याएको छ?

क) छ ख) छैन ग) थाहा छैन

७३. यो आयोजनाले पारिस्थीतिक प्रणालीमा जलवायु परिवर्तनका असरहरुसँग अनुकूलित हुनका लागि स्थानीय समुदायको क्षमता विकास गरेको छ?

क) छ ख) छैन ग) थाहा छैन

७४. के यो आयोजना बजार पूर्वाधारहरु जस्तैः संकलन केन्द्र, चिस्यान केन्द्र, भण्डारण केन्द्र, प्रशोधन केन्द्र आदि सँग सम्वन्धित छ?

क) छ ख) छैन ग) थाहा छैन

यदि छ भने उल्लेख गर्नुहोस् ...........................................................................................................

७५. के यो आयोजनाले जलवायु उत्थानशील स्थानीय पूर्वाधारका आधारहरुलाई अनुसरण गरेको छ?

क) छ ख) छैन ग) थाहा छैन

७६. यो आयोजनामा उच्च कार्वन उत्सर्जन गर्ने जीवाश्मा इन्धन (Fossil Fuel) को प्रयोग गरिएको छ?

क) उच्च प्रयोग ख) न्यून प्रयोग ग) प्रयोग गरिएको छैन

७७. के यो आयोजनाले आयआर्जनका अवसरहरुको सिर्जना गरि स्थानीय समुदायको जिविकोपार्जन पुनःस्थापनामा सहयोग गरेको छ?

क) छ ख) छैन ग) थाहा छैन

७८. आयोजनाको छनौट गर्दा महिला, विपन्न, अपांगता भएका व्यक्ति तथा सामाजिक वहिस्करणमा परेका जाती समुदायको आवश्यकता/मागमा आधारित थियो?

क) थियो ख) थिएन ग) थाहा छैन

७९. के यो आयोजनाले महिला, विपन्न, अपांगता भएका व्यक्ति तथा सामाजिक वहिस्करणमा परेका जाती समुदायको समतामूलक सहभागितालाई प्रवर्द्धन गरेको छ?

क) छ ख) छैन ग) थाहा छैन

८०. यो आयोजनामा विभिन्न सहयोगी निकायहरुको आर्थिक तथा प्राविधिक सहकार्य भएको छ?

क) छ ख) छैन ग) थाहा छैन

८१. योजना संचालन पूर्वको तस्वीर लिएको स्थानबाट सोही angle बाट तस्विर लिनुहोला । (तस्विर लिदाँ कुनै वस्तुलाई reference लिएर खिच्नुहोला र GPS coordinates राख्नुहोला )

**अनुसूची-७**

(दफा ६.४ (ङ) सँग सम्बन्धित)

**उपभोक्ता समितिले पेश गर्ने आयोजनाको भौतिक तथा वित्तिय प्रगति प्रतिवेदन ढाँचा**

**क. आयोजनाको विवरण :**

१. नाम :

२. ठेगाना :

३. उद्देश्य :

४. आयोजना स्वीकृत गर्ने निकाय :

५. आयोजना शुरु भएको मिति :

६. आयोजना सम्पन्न भएको मिति :

**ख. आयोजनाको भौतिक प्रगति विवरण :** ....

**ग. लाभान्वित घरपरिवार संख्या :** .......**(दलित :** ...**जनजाती :**...., **अल्पसंख्यक :**....., **अन्य** ...)

**घ. लाभान्वित जनसंख्या** ........( **महिला** ...**पुरुष**....)

**ङ. आयोजनाको लागत सम्बन्धी विवरण :**

१. जम्मा व्यवस्थापन खर्च वापत प्राप्त रकम रु. ....

२. खर्चको विवरण :

| सि.नं. | खर्चको शिर्षक | रकम रु | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |



...............

आज्ञाले

ज्ञानमणि नेपाल

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मिति : २०७९/०८/२९